# अध्याय- एक

## १.परिचय

### १.१ अध्ययनको पृष्ठभुमि :

विश्वको कुनै क्षेत्र वा मुलुकमा रहेको बेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारीका लागि जाने काम हुन्छ भने यस अवस्थामा वैदेशिक रोजगारको सृजना हुन्छ । यसरी एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रम बजारमा व्यवस्थित रुपमा रोजगार गर्नलाई वैदेशिक रोजगार भनिन्छ (वैदेशिक रोजगार ऐन, २०६४) । वैदेशिक रोजगारलाई अस्थाई बसाईसराई पनि भनिन्छ । विदेशमा रोजगारीका लागि जानुको मुख्य कारण मुलुकमा रोजगारको अवसर नहुनु हो । स्वदेशमा रोजगार नपाएपछि अन्ततः रोजिरोटीका लागि विदेसिने प्रचलन नेपालीको सन्दर्भमा पुरानो हो । तथापिः विदेशमा नेपालीहरुल श्रम गर्न कहिले देखि थालेको हो, त्यसको तथ्यगत प्रमाण नभएपनि १९ औं शताब्दि तिर नेपालबाट पहिलोपल्ट भारतको “लाहोर” त्यहाँको शिख शासक रनजीत सिंहको सुरक्षाको लागि सेनामा भर्ती हुन थालेपछि “लाहोर” शब्द प्रचलनमा आउन थालेको बुझिन्छ । त्यसपछि बिस्तारै नेपालबाट पैसा कमाउनको लागि विदेशीनेहरुलाई “लाहुरे” शब्द भन्न थालेको पाईन्छ ( सेडन, अधिकारी र गुरुङ २०५८) । यसरी नेपालीहरुको आर्थिक स्तर उकास्नको लागी वैदेशिक रोजगारले पनि ठूलो भुमिका खेलेको छ । किनकि देशका रेमिटयान्स भित्रिन्छ अनि देशको आर्थिक अवस्थामा सुधार हुन्छ ।

नेपाल अंग्रेज युद्ध सन् (१८१४ नोभेम्वर १ ) पछाडि वैदेशिक रोजगारको सुरुवात औपचारिक रुपमा भयो । नेपाललाई युद्ध पछाडि ब्रिटिस सेनामा लिन थालियो सेनाबाहेक अन्य कामको लागि पनि परिवार सहित वैदेशिक रोजगारमा जान थाले । यसरी वैदेशिक रोजगारमा नेपाली कामदारहरु विस्तारै संलग्न भएको पाईन्छ । नेपालमा वैदेशिक रोजगारको सन्दर्भमा कुरा गर्दा यसको प्रशासनिक क्षेत्रमा काम गर्ने निकाय वैदेशिक रोजगार विभागले आर्थिक वर्ष २०५०/५१ देखि मात्रै वैदेशिक रोजगारमा जानेको तथ्यांक राख्न थालेको हो, नेपालमा प्रत्येक वर्ष करिब ३ लाख युवाहरु श्रम बजारमा आउँछन् (पाण्डे, २०६६) । वैदेशिक रोजगारी विभागले वैदेशिक रोजगारमा जानेको संख्याको तथ्याङ्क राख्नु भन्दा अगाडि पनि वैदेशिक रोजगारमा धेरै नेपालहरु विदेश जाने गर्थे ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार आर्थिक वर्ष २०५०/५१ देखि २०६२/६३ को असार मसान्त सम्ममा श्रम स्विकृत लिएर वैदेशिक रोजगारमा जाने जम्मा ७,५८,६७५ जना छन् त्यस्तै

गरि २०६३/०६४ देखि २०६७/०६८ असार मसान्त सम्ममा श्रम स्विकृत लिएर जानेको संख्या जम्मा १३,२२,३५९ जना छन् भने त्यसमध्ये ३४,१४१ महिला छन् भने २१,८८,२१८ पुरुष रहेका छन् (श्रम तथा यातायात व्यवस्था मन्त्रालय २०६८) । वैदेशिक रोजगारमा विदेशिनेको संख्या यसरी क्रमशः बढ्दै गएको देखिन्छ । यसको मुख्य कारण देशको बेरोजगारी, गरिबी हो ।

नेपालको सन्दर्भमा हेर्दा यहाँ रहेको जनशक्ति पूर्ण रुपमा परिचालन भएको छैन । विशेषतः कृषिमा संलग्न बहुसंख्यक जनसंख्या अर्धबेरोजगारको अवस्थामा छन् । अर्थात बर्षमा धेरै समय बेरोजगारी र थोरै समय रोजगारी रहेको अवस्थाले देशमा वेरोजगारीको समस्या नै छ भन्न सकिन्छ । यसका साथै कृषिका संलग्न अर्धबेरोजगारी लगायत शिक्षित दक्ष व्यक्तिहरुले पनि आफ्नो क्षमता अनुसार रोजगार नपाउँदा बेरोजगारको अवस्था बढ्दो क्रममा रहेको देखिन्छ । यसरी देशभित्रको जनशक्ति, श्रमशक्ति बेरोजगार रहेको र पूर्ण रुपमा खपत गराउन सकिने माध्यमको कमि रहेको अवस्थामा नेपालले विश्वमा श्रमशक्तिको माग रहेको राष्ट्रहरुसंग सम्झौता गरी देशमा रहेको बेरोजगारी जनशक्तिलाई उक्त बजारमा खपत गराउने निति लिएको छ (दहाल, २०६६) । हालको अवस्थामा नेपाली युवाजनहरु करिब दिनको १६०० जना विदेशतिर रोजगारको शिलशिलामा जाने गरेको पाइन्छ । मुख्यतयाः नेपालीहरु विदेशिने कारण नेपालको राजनीतिक अस्थिरता, गरिबी, बेरोजगार, आर्थिक संकट नै हो । अर्कातिर वैदेशिक रोजगारको कारण स्थानिय वासिन्दाहरु उनीहरुको आर्थिक स्थिति उच्च भएकाले पहाडबाट तराई, गाउँबाट शहर तिर बसाइसराई भएका छन भने कतिपयले गाउँमै बसि बसि पनि आफ्नो बालबच्चालाई शहरका राम्रा-राम्रा विद्यालयमा पढाउन थालेका छन् । सरकारी विद्यालय पढाउनेले निजी विद्यालयमा पठाउन थालेका छन् भने स्कुल पठाउन नसक्ने निम्न आर्थिक अवस्था भएकाले वैदेशिक रोजगारमा संलग्न पछि सरकारी स्कुल पठाउन सम्म सक्ने भएको अवस्था छ । त्यस्तै गरी आधारभूत आवश्कता परिपुर्तिगर्न नसक्ने अवस्थाका मानिसहरुले हाल कमसेकम खान लाउन र केटाकेटीलाई स्कूल पठाउन र स्थानीय सहकारी बचत समुहमा मासिक रुपमा थोरै थोरैं रुपैया जम्मा गर्न सक्ने भएका छन् । कोहि कोही मानिसहरुले भौतिक सम्पति जोडेका छन्, जग्गा जमिन जोडेर अर्कालाई अधियाँ कमाउन दिएको छन् भने कतिपयले गाडी किनेर गाउँका स्थानीय बासीहरुलाई सुविधा प्रदान गरेको छ । अर्कातिर वैदेशिक रोजगारमा संलग्न व्यक्ति वा परिवारको पारिवारिक विखण्डनको अवस्था पनि देखा परेको छ साथै कोहि मानिसहरुले विप्रेषणको उपयोगमा विलाशिताका बस्तुहरु किनेर विलाशी जिवन विताएको पाइन्छ । वैदेशिक रोजगारमा जाने नेपालीहरुको अहिलेसम्मकै तथ्यांङ्क हेर्दा सबैभन्दा बढी नेपाली ४ लाख १२ हजार १ सय ८० मलेशिया गएका छन् भने दोस्रो ठुलो मुलुक कतारमा ३ लाख २२ हजार

९ सय ४४ र तस्रो ठुलो मुलुक साउदी अरबमा २ लाख १६ हजार ७ सय ९८ जनशक्ति युवाहरु विदेश पलायन भएको देखिन्छ त्यस्तै १ लाख ३५ हजार २ सय ४८ जना दुबईमा, १३ हजार ३ सय ७४ कुबेतमा, ९ हजार ११ बहराईनमा, २ हजार ८ सय ९२ ओमनमा, ३ हजार ८ सय ५३ हङकङमा, दक्षिण कोरियामा ७ हजार ४ सय ४१ र अन्य देशमा ८ हजार ६५ नेपालीहरु पुगेका छन् । ( पाण्डे २०६६) यसरी विदेशीने क्रममा शहरको भन्दा ग्रामिण भेगका युवाहरु बढी मात्रामा जाने गरेका छन् प्रायः १८ वर्ष देखि ४५ वर्ष सम्मका युवा पुस्ताले वैदेशिक रोजगारलाई पछ्याएको देखिन्छ । उनीहरु आफ्नो भविष्य सुखमय बनाउने सपना लिएर ज्यानको बाजी लाएर पैसा कमाउने उदेश्यले विदेश पलायन हुन्छन् ।

यो अनुसन्धान तेह्रथुम जिल्ला छातेढुङगा गा.वि.स.का वडा नं. ५ र ८ लाई लिई वैदेशिक रोजगारी र यसको सामाजिक आर्थिक सम्बन्धमा प्रभावको बारेमा केन्द्रित छ । यसरी वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि परिवार तथा समाजमा कस्तो प्रभाव परेको छ भन्ने विषयमा यो अनुसन्धान केन्द्रित रहेको छ यसैगरी वैदेशिक रोजगारीले सामाजिक, आर्थिक सम्बन्ध र पारिवारिक स्थितिमा कस्तो प्रभाव परेको छ साथै वैदेशिक रोजगारीमा जाने युवाहरुको सामाजिक पृष्ठभुमि कस्तो छ कारण पत्ता लगाउनु जस्ता कुरा यस अध्ययनमा प्रस्ट्याईएको छ ।

## १.२ समस्याको कथन

नेपालमा भएको उच्च जनसंख्या बृद्धि र बेरोजगारका कारण नेपाली युवाहरु कामको सिलसिलामा भौंतारीदै रोजगारको लागि विदेश जाने क्रम दिन दिनै बढ्दै गएको छ । राष्ट्रभित्रका अधिक जनशक्ति कृषिमा निर्भर रहेको र अन्य रोजगारीका वैकल्पिक उपायहरु कमै भएको अवस्थामा वैदेशिक रोजगार एक महत्वपूर्ण बिकल्पको रुपमा देखा परेको छ (पोखेल, २०५७) । वैदेशिक रोजगारका कारण ग्रामिण युवाहरु उमेर पुगेपछि विदेश जाने मनसायले आफ्नो अध्ययनलाई भन्दा पनि वैदेशिक रोजगार तिर ध्यान जान थालेको छ । नेपालमा वैदेशीक रोजगारबाट हुने बार्षिक आय र वैदेशिक रोजगारमा आउने जानेको सांख्यिकीय रेर्कड राख्ने मात्र काम भएको छ तर वैदेशिक रोजगारले कामदारको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा पारेको प्रभाव, प्रविधि हस्तान्तरण, वैदेशिक रोजगारप्रति उनीहरुको धारणा बारेमा स्थलगत तथा स्थान विशेष अध्ययन हुन नसकेको अवस्था छ ( सिहं २०७० ) । अहिले नेपालको बेरोजगारी एउटा गम्भिर समस्याको रुपमा अगाडी आईरहेको छ । नेपालमा हुने जनसंख्या बृद्धिदर र यहाँको असमान उत्पादनको स्थितिले गर्दा नेपाली

युवाहरु विदेशिन बाध्य भएका छन् । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारको आर्थिक र सामाजिक प्रभाव भन्ने विषयमा हालसम्म कुनै पनि खोज अनुसन्धान नभएकोले मैले यस शिर्षकमा शोधपत्र तयार गर्न लागेको हो । यस क्षेत्रका युवाहरु प्राथमिक स्तरको शिक्षा लिईसकेपछि उनिहरु वैदेशिक रोजगारप्रति बढि आकर्षण भएको पाईन्छ । अध्ययन क्षेत्रमा विशेष गरि शैक्षिक क्षेत्रमा समस्या छ, त्यस्तै गरि रोजगारको अवसर नभएकोले मुलत त्यहाँका मानिसहरु वैदेशिक रोजगारमा जान बाध्य भएको देखियो । नेपालमा हुदै आएको कुल ग्राहस्थ उत्पादन विस्तारै घट्दै जानु, देशमा विदेशी मुद्रा सञ्चिती कम हुनु, उद्योगधन्दा नफस्टाउनुले देश भित्रको जनशक्ति त्यसै खेर गइरहेको छ । यसरी युवाहरु उमेर पुगेपछि विदेशतिर पलायन हुने कारणले गाँउ समाजमा सामाजिक कार्य जस्तैः विवाह, वर्तबन्ध, जन्म मृत्यु संस्कार र पुजा आदि कार्यहरुमा तथा समाजमा कुनै पनि विकासे योजनाको काम गर्नको लागि युवाहरुको जमात कमै देखिएको छ । विशेष कम उमेर भएका र बयस्क अवस्थाका मानिसहरुको मात्र उपस्थितिले गर्दा कार्य संचालनमा कठिनाइ हुने र समाजले युवाहरुको अभावमा जति पनि सक्दो रुपमा कार्य सम्पन्न हुनु पर्ने थियो त्यो हुन नसकेको अवस्था भोग्नुपरेको छ । यसरी समाजमा वैदेशिक रोजगारले युवाहरुको अभावलाई निम्त्याएको छ ।

श्रम शक्तिका रुपमा युवाहरु वैदेशीक रोजगार प्रति आकर्षण हुनको कारण खोज्दै वैदेशीक रोजगारबाट प्राप्त रकमले उनीहरुको पारिवारिक जीवनमा तथा रहनसहनमा के कस्तो प्रभाव पारेको छ ? भन्ने खोजलाई लिईएर मैले मेरो शोधलाई निम्न प्रश्नहरु आधार मानेर तयार पारेको छु ।

- वैदेशीक रोजगारमा जाने युवाहरुको पारिवारिक बनावट कस्तो छ ?
- वैदेशिक रोजगारमा जाने युवाहरुको आर्थिक अवस्था कस्तो रहेको छ ?
- वैदेशीक रोजगारले परिवार तथा समाजमा के कस्तो प्रभाव पारेको छ ?
- वैदेशीक रोजगारमा संलग्न परिवारको वैदेशीक रोजगारमा जानु अघि र गैसकेपछिको आर्थिक परिवर्तन कस्तो देखिन्छ ?

## १.३ उद्देश्य

कुनै पनि खोजको निश्चित उद्देश्य हुन्छ । यस अनुसन्धानको मुल उद्देश्य वैदेशीक रोजगारमा संलग्न व्यक्ति वा परिवारमा वैदेशीक रोजगारले उनीहरुको सामाजिक र आर्थिक पक्षका के कस्ता प्रभाव पाऱ्यो भन्ने कुरा पत्ता लगाउन निम्न उद्देश्यहरु राखिएको छ ।

- वैदेशीक रोजगारले घर परिवारको तहमा ल्याएको आर्थिक तथा सामाजिक प्रभावको व्याख्या गर्न ।
- वैदेशीक रोजगारको कारण पत्ता लगाउनु ।

## १.४ महत्वः

यस अध्ययनबाट वर्तमान अवस्थामा प्रत्येक मानिसहरुले वैदेशीक रोजगारले सामाजिक आर्थिक अवस्थामा ल्याएको परिवर्तनलाई बुझ्न सक्ने भएकोले यो अत्यन्तै महत्वपूर्ण छ । यस क्षेत्र र सम्बन्धित पक्षमा भईरहेको परिवर्तन र यस परिवर्तनको दिशा, व्यवहार, स्वभाव र गति आदिका बारेमा पनि सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ । वैदेशिक रोजगारले कामदारको सामाजिक आर्थिक क्षेत्रमा पारेको प्रभाव, विदेशमा उनिहरुले गर्ने कामको बारेमा साथै वैदेशिक रोजगारमा गईसकेपछि त्यहाँ हुने सुरक्षत्मक अवस्था, विदेशमा गईसकेपछि उनिहरु के कस्तो काममा पर्छन् भन्ने कुरामा पनि अनुसन्धान नभएकोले मैले यस विषय बस्तुलाई अनुसन्धान बनाउन खोजेको हुँ । आगामि दिनमा यस अध्ययनले यस विषयमा अध्ययन गर्न चाहाने अनुसन्धान कर्ता र संघ संस्थाको लागि द्वितिय स्रोत बन्न सक्छ साथै समाजशास्त्रिय हिसाबले वैदेशीक रोजगारलाई बुझ्ने, अध्ययन गर्न चहाने भावी अनुसन्धानकर्तालाई यो अध्ययन सहयोगी बन्छ ।

# अध्याय– २

## २. सन्दर्भ साहित्यको समिक्षा

## २.१ नेपालमा वैदेशीक रोजगारीको इतिहास

नेपालका अधिकांश जनता ग्रामिण क्षेत्रमा वसोवास गर्दछन् । आर्थिक रुपले सक्रिय जनसंख्याको ८१ प्रतिशत जनता कृषि पेशामा लागेको पाइन्छ (राष्ट्रिय जनगणना २०५८) । ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अवसर कम हुने र कृषि व्यवसाय पनि जीवन धान्ने किसिमको मात्र हुदा वार्षिक रुपमा थपिने वेरोजगारीको कारणले श्रम शक्तिलाई रोजगारीको समस्य परेको छ यहाँ वैदेशिक रोजगारको लागि गैरकानुनी रुपमा जाने श्रमीकहरु पनि विदेशीएका हुन् नै तर तिनीहरुको तथ्य राख्न नसक्नु एउटा कमजोरीको रुपमा रहेको देखिन्छ । नेपाल सरकारले दुबई, कतार, साउदी, मलेसीया, इजिप्ट, फ्रान्स लगायत विश्वका १०८ मुलुकहरुमा वैदेशिक रोजगार संचालन गर्न इजाजत प्राप्त संख्या ( ६१३ मेनपावर) लाई सेवा संचालन गर्न इजाजत दिएपछि हाल इराकलाई रोक्का गरेकाले वर्तमानमा जम्मा १०७ मुलुकहरुमा वैदेशिक रोजगारका लागि खुल्ला गरिएको छ ( वै.रो.प्र.वो २०६८) । ब्रिटिसहरुले नेपाली बिर योद्धाहरुलाई आफ्नो सेनामा सामेल गराउने मनशायले सन् १८१६ मा सुगौली सन्धि अनुरुप उनीहरुको तीन वटा रेजिमेन्ट स्थापना गरी ती रेजिमेन्टहरुलाई लाहोर (हालको पाकिस्तान) मा राखेका थिए । ती रेजिमेन्टमा भर्ना हुन प्रायः नेपालीहरु लाहोरमा नै जाने गर्दथे । यसरी लाहोर जाने नेपालीहरुसँग उनीहरुका परिवारका अन्य सदस्यहारु पनि सँगै जाने र त्यहाँको होटल कारखानामा काम गर्न थाले । यसरी ती रेजिमेन्टहरुमा भर्ना हुनेमा हालका गोर्खा, लमजुङ्ग, तनहु, कास्की आदि क्षेत्रबाट बढीको संख्या रहेको थियो । यसका साथै त्यसबेलाको नेपाली पहिचान नेपाल भन्दा गोर्खा नामले बढी चिनिने भएकोले लाहोरमा उनीहरु गोर्खालीका नामले चिनिन थाले भने नेपालमा ती रोजगारीका लागि विदेश जाने आउने नेपालीहरु लाहुरे भन्न थालियो (पोखरेल, २०५७ :३) । पहिले नेपालीहरु रेजिमेटमा भर्ना हुन लाहुरमा जाने गर्थे विस्तारै गएर नेपालमा ति रोजगारका लागि जाने आउने नेपालीलाई लाहुरे भन्न थालियो ।नेपाली बृहत शब्दकोशका अनुसार “रोजगारी भन्नाले व्यक्ति जो चलनचल्तीका ज्यालादर काम गर्दछ ।” भन्ने उल्लेख गरिएको छ (नेपाल प्रज्ञा प्रतिस्ठान, २०६१) । यसरी रोजगार भनेको ज्यालादरमा मात्र काम गर्नु हो । अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीलाई दुई किसिमले परिभाषित गरेको देखिन्छ । पहिलोमा तलबी रोजगारलाई लिइएको छ । जसमा व्यक्तिहरु जसले कुनै निश्चित समयमा कुनै कार्यगरे वापत ज्याला, नगद, जिन्सी वा तलब प्राप्त गर्दछ त्यस

समयमा विदामा बसेतापनि उनीहरुलाई त्यो कार्यसँग औपचारिक रुपमा सम्बन्धित हुन्छन् भने ती सबै तलब रोजगार अर्न्तगत पर्दछन् । स्वरोजगारलाई दोस्रो किसिमको रोजगारको रुपमा लिएको छ । जस अर्न्तगत कुनै पनि व्यक्तिले आफ्नै व्यवसाय ज्याला नलिइ परिवारिक लालन पालन, नगद वा जिन्सीका लागि आफैले गर्ने कार्य वा रोजगारी पर्दछ (ज्ञावली,२०५७) । राष्ट्रमा भएको जनशक्ति धेरै जसो कृषिमा निर्भर भएको र अन्य रोजगारीका उपायहरु कमै भएकोले युवाहरु विदेशिनु परेको छ । गरिबी र वेरोजगारी बढि भएको हाम्रो देशको जनसंख्यालाई कृषिले मात्र धान्न नसकि श्रमिकहरु ऋण गरेर भएपनि अर्काको देशमा गई श्रम गर्न बाध्य छन् । यसैगरी नेपाल एक कृषिप्रधान एवम् विकासोन्मुख देश भईकन विगत दश वर्षे जनयुद्धबाट गुज्रिएको मुलुक भएकोले देशमा विकासका क्रियाकलापहरु राम्रोसँग संचालन हुन नसक्नुका कारणले बेरोजगारी एवम् अर्ध-बेरोजगारीको संख्यामा दिन प्रतिदिन बृद्धि भइरहेको छ । त्यसबाट श्रमिकहरु रोजगारीको खोजिमा विदेश जान बाध्य छन् (के.सी :२०६६) । वैदेशीक रोजगार गर्न जाने श्रमिकहरु स्वदेशमै आफ्नो क्षमता र योग्यता अनुसारको जागिर नपाएर बिचैमा पढाई छोडी, साथिभाई, छरछिमेक, आफ्ना दाजु बाबु विदेशीएको देखेर साथै घरपरिवारको सल्लाह अनुसार पनि वैदेशिक रोजगारमा जान बाध्य भएको देखिन्छ ।

२०६३ देखि हाल २०७०/७१ को मसान्तसम्म वैदेशिक रोजगारमा जाने श्रमिकहको तथ्याङ्गलाई हेर्दा आ. व. २०६३/६४ मा २,०४,५३३ जना, आ. व. २०६४/०६५ मा २,४९०,५१ जना, आ. व. २०६५/०६६ मा २,१९९,६५ जना, आ. व. २०६६/०६७ मा २,९४,०९४ जना,आ. व.२०६७/०६८ मा ३,५४,७१६जना, २०६८/६९ मा ३,८४,६६५ जना,आ. व. २०६९/७० मा ४,५३,५४३ जना, आ. व. २०७०/७१ मा ५,२७,८१४ जना रहेको पाईन्छ ६३ देखि ७१ को तथ्याङ्कलाई मुल्याङ्गकन गर्दा वैदेशिक रोजगारमा जाने कामदारको संख्या बर्षपिच्छे बढ्दै गएको देखिन्छ (वैदेशिक रोजगार विभाग २०७१) । विभागले २०६३/२०६४ देखि लैङगीक आधारमा तथ्याङ्क राख्न शुरु गरिएता पनि हालसम्म ९६.६२ प्रतिशत पुरुष र ३.३८ प्रतिशत महिलाले श्रम स्विकृति लिएका छन् (वैदेशिक रोजगार विभाग, २०७१) ।

वैदेशिक रोजगार विश्वव्यापी क्रियाकलाप हो । अमेरीका वेव इन्कर्पोरेसन नामक अमेरिकी कम्पनीले गरेको सर्वेक्षण अनुसार स्वेच्छाले काम गर्न अमेरिका छाड्ने १८ देखि २४ वर्ष उमेरका युवाले संख्या सन् २००७ देखि २०१२ सम्म १२% बाट वृदि भएर ४०% पुगेका छ । वैदेशिक रोजगारी अब गरिब मुलुकका नागरिकको मात्र बाध्यता रहेन (कान्तिपुर विहिवार,-७ फागुन, २०७१)

। वैदेशिक रोजगारमा जानका लागि जातिय वर्गिय नछुटाई जुनसुकै स्तरका मानिस पनि जान सक्छ ।

सन् १९५० पछि नेपालको अर्थव्यवस्था खुल्ला रुपमा अगाडी बढ्न थालेको पाइन्छ । सन् १९६३ नेपाली आप्रवासीहरुलाई विविध ठाउँमा दुःख दिएको, रोजगारीमा गएका व्यक्तिले दुःख पाएको समाचारहरु प्रकाशमा आउन थाले पछि निजी क्षेत्रहरुको सहभागीता पनि विभिन्न देशहरुमा वृद्धि हुन थालेको पाइन्छ । नेपाल सरकारले वि.सं.२०२८ सालमा श्रम विभाग र वि.सं.२०३८ सालमा श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जित भर्दै लाने निति लिएको हो (डाँगी, २०६८:६) । यसरी मन्त्रालयको गठन भएपछि विशेष रुपमा वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउन सक्ने जटिल समस्याको समाधानका लागी वि.सं.२०४८/०३/०२ गतेबाट लागु हुने गरि वैदेशीक रोजगार ऐन २०४२ को स्थापना भयो । यो ऐन बनेपछि वैदेशिक रोजगारको क्षेत्रमा केही सरलता र परिमार्जन भएकाले यस क्षेत्रको संस्थागत विकासमा परिवर्तन आयो । पछि यस ऐनलाई विभिन्न समयमा संसोधन गरि हाल मिति २०६४/०५/१९ गतेबाट लागु हुने गरी संशोधित वैदेशीक रोजगार ऐन २०६४ निर्माण भएको हो (वैदेशिक रोजगार ऐन, २०६४) । आ.व.०६३/६४ मा रु.२ सय ५ अर्वको हाराहारीमा मात्र विप्रेषण आउथ्यो । त्यसको २ वर्ष पछि आ.व.०६५/६६ मा विप्रेषणको आकार बढेर रु.२ खर्व ९ अर्व ७३ करोड र आ.व.०६७/६८ मा २ खर्व ५५ करोड रुपैयाँ विप्रेषण भित्रिएको थियो । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण कूल ग्राहस्थ उत्पादनको करिब २२ प्रतिशतको हाराहारीमा रहेको छ (Maharjan, 2012) । अहिलेको समयमा वैदेशिक रोजगारमा जाने नेपालीहरु लाखौंको संख्यामा छन् । यो कम दिनदिनै बढ्दै गएको हुनाले विप्रेषण मार्फत ठूलो धनराशि भित्रिएको छ र यो विप्रेषणबाट मुलुकको अर्थतन्त्रमा योगदान पुग्दै आएको छ भन्न सकिन्छ । देशमा व्याप्त अशिक्षा, बेरोजगारी, न्युन तलब, निरन्तरको द्वन्द्व र रोजगार कम्पनीको अभावमा नेपालीहरु विदेशीने गरेको कुरा तथ्याङ्कले देखाउँछ । देशमा पटक-पटक सरकार परिवर्तन भएपछि रोजगारको सिर्जनाका लागि कुनै पनि सरकारले तथा योजना ल्याउन नसक्नु र नेपाली मुद्रको तुलनामा विदेशी मुद्रा बढी हुनुले पनि नेपालीहरु वैदेशीक रोजगारको लागी बढी आकर्षित हुने गरेको देखिन्छ (के.सी.२०६६) ।

वैदेशिक रोजगारीमा संलग्न भएपछि त्यसबाट प्राप्त विप्रेषणले स-साना बच्चाले गुणस्तरीय शिक्षा पाउने गर्छन् जसले गर्दा उनिहरुको भविष्य राम्रो हुन्छ । शिक्षाले आर्थिक अवस्थालाई बढाउँछ । विप्रेषणले भविष्यमा पनि विकसित राष्ट्रका नामले चिनिन सक्छ । विदेशमा सिकेको ज्ञान सिप

प्रविधि आफ्नो देशमा प्रयोग गर्न सकिन्छ (डिस्कशन पेपर, २०११:१) । विदेशमा काम गरेर फर्किएपछि नेपालमा यदि स्रोत र साधन भए विदेशमा सिकेको सिपलाई सहज तरिकावाट सम्पन्न गर्न सक्ने बताउँछन् । आजभोलि दुर्गम गाउँ बस्तिहरु फेरिएर नगरउन्मुख हुदैछन् । त्यसमा वैदेशिक रोजगारमा गएका युवाहरुको योगदान ने बढि हून आउँछ । केहि बर्षयता गाउँका खरले छाएका घरहरु जस्तापाताले छाउन थालेका छन् साना बजार विस्तार हुने र पक्कि घरहरु निर्माण हुने क्रम बढिरहेको छ गाउँघरमा बोडिङ स्कुलहरु खेलिरहेका छन् घर खर्च र भरको व्यबहार र कारोवार विदेश जाने र उसले पठाउने रुपैयासँग जोडिएको छ । नेपालमा वैदेशिक रोजगारमा जाने र आउने यिनै नेपालीले आर्जन गरेको रेमिटयान्सले गर्दा १२ बर्षको सशस्त्र द्धन्द्धबाट देश तहसनहस हुँदासम्म पनि अर्थतन्त्र त्यति विग्रन पाएन । आजभोली पनि उद्योगधन्दा ठप्प हुँदासमेत बाषिक एक खर्ब भन्दा बढि रेमिटयान्स भित्रिरहेको छ (पान्डे, २०६६ ) । नेपालमा रेमिटयान्सले गर्दा स्थानिय स्तरको अर्थतन्त्र देखि केन्द्रिय स्तरको अर्थतन्त्रमा प्रभाव परेको छ ।

वि.स. २०२८ सालमा गठन गरिएको श्रम विभाग र वि.स. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लैजाने नीति लिन थालियो । यसरी जब मन्त्रालयको गठन भयो त्यस पछाडि बैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्न सकिन्छ र भैपरि आउने जटिल समस्या समाधानको लागि वि. स. २०४२ असार २ देखि लागू हुनेगरी वैदेशिक रोजगार ऐन २०४२ को स्थापना भयो यस ऐन आएपछि वैदेशिक रोजगारका क्षेत्रमा केही परिमार्जित सरलता आएकोले यस क्षेत्रको संस्थागत विकासमा एउटा परिर्वतन नै आयो । यस ऐनलाई विभिन्न समायमा संसोधन गर्दै मिति २०६२ भदौ १९ देखि लागू भई संसोधित वैदेशिक रोजगार ऐन २०६४ तथा बैदेशिक रोजगार नियमावली २०६४ निर्माण भएको छ (का.कि.व्या.स., २०६४) । यसबाट वैदेशिक रोजगार सम्बन्धि आईपरेका विभिन्न समस्याहरुलाई सहज तरिकाले समाधान गर्ने गर्दछ ।

नेपालमा रेमिटेन्सको प्रभाव धेरै देखिन्छ, ७९ प्रतिशत दैनिक जिवन चलाउन, ६ प्रतिशत ऋण तिर्न ४ प्रतिशत घरजग्गामा, ४ प्रतिशत शिक्षामा २ प्रतिशत उत्पादनमुलक कार्यमा विप्रेषणको प्रयोग भएको देखिन्छ । (केन्द्रिय तथ्याङ्क विभाग,२०११) यसरी नेपालमा रेमिटयान्सको प्रभाव जिविका संचालनको क्षेत्रमा प्रयोग भएको पाईन्छ । बैदेशिका रोजगारमा रहेको नेपालीहरुका समस्याहरु धेरै कम ज्याला हुनु, सामाजिक सुरक्षाको अभाव, काम गर्ने अवस्था नाजुक, मानवअधिकार हनन, सामाजिक बहिस्कार, अनियमित बसाइसराई, महिला तथा बालबालिकाहरुमा शोषण, बेचविखन, स्वास्थ्य तथा औषधिको अभाव जस्ता समस्या नेपालीले भोग्नु परेको अवस्था छ (पाण्डे, २०१२) ।

नेपाली कामदारले विदेशमा गएर विभिन्न कठिनाई, पिडा, खतरा सहेर पनि पैसाको लागि आफ्नो देश छोडेर अर्काको देशमा जान बाध्य छन् ।

# अध्याय–तीन

## ३.अनुसन्धान पद्वति

यस अध्यायमा तेह्रथुम जिल्ला छातेढुङ्गा गा.वि.स.वाड नं. ५ र ८ वाट वैदेशीक रोजगारमा संलग्न व्यक्तिहरुको सामाजिक र आर्थिक अवस्थाको अध्ययन एवं अनुसन्धान गर्नको लागि प्रयोग गरिएका अनुसन्धानको विधिहरुको बारेमा वर्णन गरीएको छ ।

## ३.१ अध्ययन क्षेत्रको औचित्य

यस अध्ययनको लागि तेह्रथुम जिल्ला छातेढुङ्गा गा.वि.स.वडा नं. ५ र ८ लाई छनौट गरिएको छ । यस अध्ययन क्षेत्रका मानिसहरु स्थानिय स्तरको रोजगारी लगायत कृषिमा निर्भर पर्ने अवस्था रहेको छ र ग्रामिण क्षेत्र भएकोले प्रशस्त रोजगारीको संभावना नभएकोले वैकल्पिक रुपमा जनशक्ति वैदेशीक रोजगारमा जाने क्रम निरन्तर रुपमा चलिरहेको छ जसले गर्दा यस क्षेत्रमा वैदेशीक रोजगारले व्यक्तिगत आर्थिक र सामाजिक जीवनमा प्रभाव पारेको देखिन्छ । यसरी  वैदेशीक रोजगारले उल्लेखित जीवनमा कुन पक्षमा के कस्ता असर पारेको छ भन्ने कुराको बारेमा जान्नको लागि यो क्षेत्र छनौट गरिएको हो ।

## ३.२ अध्ययनको ढाँचा

अध्ययनको योजना नै अनुसन्धान ढाँचा हो । अनुसन्धान एक जटिल कार्य हो । यस अध्ययनको उद्देश्यमा आधारित भई वर्णनात्मक र अन्वेषणात्मक ढाँचामा गरिएको छ । अध्ययन क्षेत्रबाट ल्याइएका तथ्याङ्क जस्तै घरधुरी सर्वेक्षण,अर्न्तवार्ता अवलोकन विधि र वैयक्तिक अध्ययन अन्वेषणात्मक ढाँचामा केन्द्रित रहेको हुनाले यो अन्वेषणात्मक छ र अनुसन्धानबाट आएका तथ्याङ्कलाई तालिकीकरण गरी त्यसलाई वर्णन गरिएको छ साथै यो अध्ययनमा वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारको उमेर, शिक्षा, घरको बनावट, पूर्व पेशा, हालको पेशा इत्यादि तथ्याङ्क संख्यात्मक रुपमा आएका छन् भने कतिपय उत्तरदाताहरुको वैयक्तिक अध्ययनहरु गुणात्मक ढंगमा आएका छन् त्यसैले यो अनुसन्धानमा संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गरि अन्त्यमा विश्लेषण गरिएको छ । अध्ययन अनुसन्धानबाट अपेक्षित उद्देश्य पुरा गर्न निश्चित विधि तथा प्रक्रियाको अवलोकन आवश्यक हुन्छ यस अध्ययनको उद्देश्य अनुरुप प्रश्नहरुको उत्तर पाउनको लागि यसले अध्ययनलाई योजना, संरचना र रणनिति बनाउन सहयोग गरेको छ ।

### ३.३ तथ्यांकको प्रकृति र स्रोत

यस अध्ययनको लागि तथ्यांक संकलन गर्दा दुवै गुणत्मक तथा संख्यात्मक प्रकृतिबाट तथ्याङ्क संकलन गरिएको छ । भने प्राथमिक र द्धितिय स्रोतबाट पनि यस अध्ययनको लागि तथ्याङ्क संकलन गरिएको छ  घरधुरी सर्भेक्षण, प्रश्नावलिपत्र,अन्तरवार्ता, अवलोकन, वैयक्तिक अध्ययनको माध्यमबाट प्राथमिक तथ्याङ्क संककलन गरिएको छ । भने, द्धितिय तथ्याङ्कको लागि गा.वि.स, जि.वि.स,वडा कार्यलयबाट केन्द्रिय तहका विभिन्न किसिमका सरकारी तथा गैर सरकारी कार्यलयका साथै विविध लेख रचना, पत्र पत्रिका, पुस्तक साथै विभिन्न शोधहरुको अध्ययन गरिएको छ । वैयक्तिक अध्ययनबाट बैदेशिक रोजगारीमा जाने व्यक्तिको आर्थिक र सामाजिक पक्षको अध्ययन गरिएको छ ।

### ३.४ नमुना छनोट र आकार

पूर्वी नेपालको तेह्रथुम जिल्ला छातेढुङ्गा गा.वि.स. वाड.नं. ५ र ८ लाई अनुसन्धानको क्षेत्र लिएको छु । अध्ययन क्षेत्रमा जम्मा ९ वटा वडा नं  मध्ये मैले ५ र ८ वडाहरुलाई लिएको किनकि यस क्षेत्रबाट वैदेशीक रोजगारमा जाने संख्या धेरै भएको हुनाले यस क्षेत्रलाई अध्ययनको क्षेत्र लिएको छु यस अध्ययनको उद्देश्यलाई ध्यान दिई वैदेशीक रोजगारमा संलग्न गणना विधिद्वारा तथ्यांक संकलन गरेको छु । यस अध्ययन एवं अनुसन्धानलाई जनगणना विधि अपनाई अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा गएका कुनै पनि व्यक्ति नछुटिकन सबैजनाको अध्ययन एवं अनुसन्धान गरेको छु । यी वडाहरुको जम्मा ९१ घरधुरी मध्ये ५५ घरधुरी वैदेशिक रोजगारमा गएकाहरु रहेछन् ति मध्ये १८ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु र ३७ जना वैदेशिक रोजगारमा संलग्न व्याक्तिको घरमुली तथा सदस्यहरु अध्ययनका उत्तरदाताका रुपमा रहेका छन् ।

## ३.५ तथ्यांक संकलन विधि

कुनै पनि खोज अनुसन्धान गर्दा तथ्याङ्क संकलन गर्नको लागि विधि अपनाउानु पर्ने हुन्छ त्यसकारण मैले मेरो शोधपत्र तयार पार्नको लागि निम्न विधि प्रयोग गरिएको छु ।

### १. घरधुरी सर्वेक्षणः

यस अन्तर्गत वैदेशीक रोजगारमा संलग्न व्यक्तिका घरमा गएर व्यक्ति तथा परिवारका जनसाङ्ख्यिक परिवारिक संरचना, उमेर, लिङ्ग, जातजाति, वैवाहिक स्थिति, शैक्षिक स्थिति, आर्थिक सामाजिक पक्षका बारेमा तथ्यांक संकलन गरिएको छ ।

## २. अर्न्तवार्ता

यस अध्ययनमा वैदेशिका रोजगारमा संलग्न भई घर फर्किएका व्याक्तिसँग प्रत्यक्ष भेटघाट भई कुराकानी भएको छ । जसमा वैदेशिक रोजगारमा जानु अघिको पेशा र आम्दानि, वैदेशिक रोजगारमा संलग्न पछि को पेशा, विदेश जानुको कारण अहिलेको आर्थिक अवस्थामा आएको परिवर्तन त्यस्तै वैदेशिक रोजगारमा संलग्न पछि सिप सिकेको नसिकेको विदेशमा काम गर्दाको अनुभव ईत्यादि प्रश्नहरुको उत्तर अन्तरवार्ताको माध्यमबाट लिईएको छु त्यस्तै वैदेशिक रोजगारमा संलग्न व्याक्तिको घरमुलि तथा सदस्यसँग पनि कुराकानि भएको छ यसमा पनि वैदेशिक रोजगारमा संलग्न हुनु अघि के पेशा थियो खर्च, आम्दानि कस्तो थियो, वैदेशिक रोजगारमा जाने व्याक्ति कुन देश जानुभएको हो र वैदेशिक रोजगारले पारेको प्रभाव बारेमा गहन अध्ययन गरेको छु ।

## ३. अवलोकन

अवलोकनलाई तथ्याङ्क संकलन विधिको प्राथमिक र महत्त्वपूर्ण औजार मानिन्छ । यस अध्ययनको उदेश्य प्राप्त गर्न अध्ययन् क्षेत्रमा गएर वैदेशीक रोजगारमा संलग्न घरपरिवार र रोजगारमा संलग्न व्याक्तिको हरेक क्षेत्रमा ध्यान दिईएको छ जस्मा घरको वनावट, पारिवाकि संरचना कस्तो छ एकात्मक हो कि संयुक्त हो यो अवलोकनको माध्यमबाट हेरिएको छ ।

## ४. वैयक्तिक अध्ययन

यस अध्ययनको उदेश्यलाई प्रभावकारी बनाउनका लागि वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा घरपरिवारका सदस्यहरुको कुराकानीलाई तथ्याङ्कको मुख्य स्रोतको रुपमा लिएको छ । जसमा वैदेशिक रोजगारीमा जाने वा गई फर्केका व्यक्तिहरुलाई वैदेशिक रोजगारीमा जाँदा त्यहाँको सुरक्षाको अवस्था, जोखिमको अवस्था, खर्चको बन्दोवस्त, भाषिक कठिनाई, तालिमको उपयोगको अवस्था, स्वस्थ्य अवस्था, नीति नियम सम्बन्धी कुराहरुको जानकारी, साथै वैदेशिक रोजगार प्रतिको धारणा र वैदेशिक रोजगारीलाई प्रभावकारी बनाउनको लागि सुझाव सम्बन्धमा जानकारी लिइएको छ ।

## ५.अध्ययनको सिमा

यस अध्ययनको कार्यक्षेत्र तेह्रथुम जिल्ला छातेढुङ्गा गा.वि.स.वडा नं. ५ र ८ बाट वैदेशीक रोजगारमा संलग्न व्यक्ति तथा परिवारलाई गणना विधि द्वारा छनौट गरिएको छ । यस अध्ययनले सबै वैदेशीक रोजगारमा संलग्न व्यक्ति र परिवारको विषयमा प्रतिनिधित्व नगर्न पनि सक्छ तर वैदेशीक रोजगारमा संलग्न व्यक्तिहरुको बारेमा नमुनाको रुपमा जानकारी भने यस अध्ययनले दिन सक्छ । साथै यस अध्ययनमा वैदेशीक रोजगारले पारेको सबै पक्षको प्रभावको बारेमा अध्ययन नगरी सिमित पक्ष ( आर्थिक र सामाजिक) को बारेमा मात्र जानकारी दिन सक्छ ।

# अध्याय–चार

# अध्ययन क्षेत्रको भौंगोलिक तथा सामाजिक परिचय

## ४. भौगोलिक परिचय

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अर्न्तगत कोशी अञ्चलका १६ वटा जिल्लाहरु मध्ये तेह्रथुम जिल्ला पनि एक हो । यस जिल्लाको पूर्वमा पाँचथर र ईलाम, पश्चिममा धनकुटा र संखुवासभा, उत्तरमा संखुवसभा र ताप्लेजुङ र दक्षिणमा धनकुटा र पाँचथर पर्दछ । यस जिल्लाको क्षेत्रफल ६७९ वर्ग किलोमिटर रहेको छ । यो जिल्ला समुद्र सतहदेखी ३२२ मिटर उचाई देखी ३०३४ मिटर उचाईसम्म अवस्थित छ । यो जिल्ला विश्व मानचित्रमा २७७०° देखी २७३०° सम्म उत्तरी अक्षांश तथा ८७२५° देखि ८७४५° सम्म पूर्वी देशान्तरमा अवस्थित रहेको छ । नेपालको ३९ पहाडी जिल्लाहरु मध्ये तेह्रथुम जिल्ला पनि एक हो । यहाँको हावापानी गर्मीमा धेरै गर्मी नहुने जाडोमा पनि धेरै जाडो नहुने मध्यमखालको हावापानी पाइन्छ । यहाँको तापक्रम न्युनतम १५° से. देखी ३०° से. सम्म रहेको छ । यस तेह्रथुम जिल्लाको अधिकतम वार्षिक वर्षा १२ देखि ५१ मि.मि.सम्म रहेको छ । (नेपाल सरकार नापी विभाग २०६८) यो जिल्लाको भौगोलिक उचाई ३४५ मिटर देखी २९६२ मिटर सम्म रहेको छ । तेह्रथुम जिल्लामा जम्मा ३२ वटा गा.वि.स. रहेको छ भने यो जिल्ला विशेषगरी हाम्रो राष्ट्रिय फूल लालीगुराँसले प्रसिद्ध रहेको छ । लालीगुराँस पाइने तिनजुरे, मिल्के र जल्जले विषेश स्थलहरु हुन् । यहाँ विभिन्न रङका लालीगुराँसका फूलहरु पाइन्छन् साथै यस जिल्लामा अवस्थित वनजंगल घरायसी औषधी जडीबुटी पाँचऔले, अलौची, चिराइतो आदि पाइन्छ । त्यस्तै गरेर यो जिल्ला नेपालकै सबैभन्दा लामो 'ह्यातुङ' झरनाले पनि प्रसिद्ध रहेको छ । यसको उचाई ३६५ मिटर रहेको छ । यो झरना प्राकृतिक सुन्दरताले भरिपूर्ण इसिबु गा.वि.स.मा पर्दछ ।

त्यस्तै गरेर तेह्रथुमे ढाका पनि तेह्रथुम जिल्लाको एउटा चिनारी हो । यस जिल्लामा विभिन्न जातजाति, भाषाभाषीहरुको बसोबास रहेता पनि विशेष गरेर लिम्बू जातिको बाहुल्यता बढी रहेको छ । परापूर्व कालदेखिनै लिम्बूहरु यस स्थलमा रैथाने भइ बसेको प्रष्ट हुन्छ

तेह्रथुम जिल्लाको कूल जनसंख्या १३२२०३ रहेको छ जस मध्ये महिलाको संख्या ६६७९७ (५०.५२%) र पुरुष ६५४०६ (४९.४७%) रहेको छ भने यस जिल्लाको कुल घरधुरी संख्या २८०९४ रहेको छ । (जि.वि.स. २०६८) तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङबाट छातेढुङ्गा गा.वि.स. जम्मा १३ कोष

टाढा पूर्वमा पर्दछ । यस गा.वि.स.को पूर्वमा ताप्लेजुङ जिल्ला पश्चिममा चुवानडाँडा गा.वि.स. पर्दछ र उत्तरमा संकान्ती गा.वि.स. पर्दछ भने दक्षिणमा पाँचथर जिल्ला रहेको छ । यस गा.वि.स.को दक्षिणबाट उत्तरतर्फ क्रमशः भूबनावटको उचाई बढ्दै गएको छ ।

## ४.१ छातेढुङ्गा गा.वि.स.को जातजातीको सामान्य परिचय

छातेढुङ्गा स्रोत केन्द्रको प्रोफाइल (२०६८) अनुसार यस गा.वि.स.को जम्मा जनसंख्या ३२२८ रहेको छ । त्यसमध्ये महिला १७४३ र पुरुष १४८५ रहेको छन् । यस गा.वि.स.को घरधुरी जम्मा ६६१ रहेको छ । यस गा.वि.स.मा रहेका जातजातिहरुको जनसंख्यालाई तालिका नं.१ म प्रस्तुत गरिएको छ ।

**तालिका नं.१**

**जातजाति अनुसार छातेढुङ्गा गा.वि.स.को जनसंख्या विवरण :**

| क.सं. | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | लिम्बू | ८५२ | २६.३९% |
| २. | राई | ३७५ | ११.६१ % |
| ३. | तामाङ | ३९६ | १२.२६ % |
| ४. | ब्राह्मण | २३३ | ७.२१% |
| ५. | क्षेत्री | ७३५ | २२.७६% |
| ६. | मगर | ४३ | १.३३ % |
| ७. | कामी | ९२ | २.८५% |
| ८. | दमाई | ८० | २.४७% |
| ९. | सार्की | ६६ | २.०४% |
| १०. | भूजेल | १४ | ०.४३ % |
| ११. | याक्खा | २३० | ७.१२% |
| १२. | माँझी | १२२ | ३.४६% |
|  | **जम्मा** | ३२२८ | १००.०%० |

स्रोतः छातेढुङ्गा स्रोत केन्द्, २०७१

तालिका नं. १ अनुसार यस गा.वि.स.मा विभिन्न जातजातिको बसोबास रहेको देखिन्छ । जनसंख्या हेर्दा यहाँ लिम्बू जातिको बाहुल्यता भएता पनि यहाँ सबै जातजातिहरु एक आपसमा मिलेर बसेको छन् । यो गा.वि.स. भित्र विभिन्न जातजाती, भाषाभाषी, धर्मावलम्बी भएको मानिसहरुको बसोबास रहेको सन्दर्भमा एक अर्काको संस्कृति आदानप्रदान भएको देखिन्छ । जस्तै स्थानीय लिम्बू, राई,

तामाङ जातीहरुले दशैं, तिहार मनाउने त्यस्तै ब्राह्मण, क्षेत्री जातीले पनि लिम्बू जातीको संस्कृती धाननाच, च्याब्रुङ नाचमा सहभागी हुने राई जातीको चण्डी नाचमा सहभागी हुने गरेको देखिन्छ भने व्रतबन्ध विवाह जस्ता सामाजिक समारोहहरुमा सबैको उत्तिकै सहभागीता हुनुले यस गा.वि.स.मा सामाजिक, सांस्कृतिक एकता भएको देखिन्छ । यस गा वि स मा लिम्बु जातिको बाहुल्यता भएकोले राई, तामाङ, क्षेत्री जातीहरुले लिम्बू जातीको सांकृतिकलाई पनि ग्रहण गर्दै आफ्नो संस्कृतिलाई पनि अंगालेको देखिन्छ । यो प्रकृया नेपालको अन्य जातजातिहरुमा पनि पाउन सकिन्छ जस्तैः- तामाङ्ग जातीले लीम्बु भाषा बोल्ने गरेको छन् भने लिम्बुले तामाङ भाषा । यसलाई संस्कृतिकरणको प्रभाब हो भन्न सकिन्छ । त्यस्तै स्थानीय बासीहरुले स्थानीय उपभोग्य वस्तुहरु प्रयोग गर्नुको सट्टा बाह्य वस्तुहरुको उपभोग गरेको देखिन्छ । खाजामा मकै, भटमास, गुन्द्रुक, ढिडो जस्ता घरेलु उत्पादीत बस्तुको उपभोग गर्न छोडेर (fast food) चाउचाउ, चाउमीन, मःम जस्ता वस्तुहरुको उपभोग गर्ने गरेको देखिन्छ । यी खाने कुरा स्वास्थ्यका लागी कति हानी छ भन्ने कुराको ख्यालै नगरी मानिसहरूले उपभोग गर्ने गरेको देखिन्छ ।त्यस्तै चियाको सट्टामा कफी खान् गरेको छन् अध्ययन क्षेत्रमा विशेष गरि जनजातीको बसोबास भएकोले त्यहाँ परम्परगतदेखि चलाई ल्याएको जाड रक्सीको सट्टामा कोक, फेन्टा, स्प्राइट जस्ता पेयपदार्थले सस्कृतिकरणलाई थप टेवा प्रदान गरेको छ । भने मातृभाषाको ठाउँमा हिन्दी भाषा र अंग्रेजी भाषालाई महत्व दिएको पाइन्छ । रोदी, धाननाच, चण्डी, साकेला नाच, व्रततिर्थ, पूजापाठ, भजनकिर्तन, वालन नाचको स्थानमा पप गीत, टेलिभिजनमा देखिएको कुराहरुको सिको गरेको देखिन्छ । यसबाट आफ्ना परम्परागत संस्कृतिहरु लोप हुँदै गएको देखिन्छ । यसले के देखाउँछ भने विश्वव्यापीकरण तथा आधुनिकीकरणको प्रभाव छातेढुङ्गा गा.वि.स.मा पनि बढ्दै गएको छ ।

## ४.२ अध्ययन क्षेत्र छातेढुङगा गा.वि.स.वार्ड नं. ५ र ८ को सामाजिक पृष्ठभूमी

यी वडाहरुको पूर्वमा पाँचथर जिल्ला, पश्चिममा गहिरीगाउँ उत्तरमा फुङनाम र दक्षिणमा माझीगाउँ पर्दछ । यी वडाको कूल जनसंख्या ३२२ रहेको छ यसका साथै यी वडाकै घरको कूल घरधुरी संख्या ९१ रहेको छ । यहाँ सबै जातजातिको बसोबास रहेको छ । यस अध्ययन क्षेत्रमा हिन्दु, किराँत, क्रिस्चियन धर्म मान्नेको संख्या बढी रहेको पाइन्छ । यस शिर्षक अर्न्तगत वैदेशीक रोजगारीमा संलग्न व्यक्तिहरुको वा सहभागीहरुको उमेर, लिङ्ग, परिवारको बनावट, जाति, पेशा, जमिन, आम्दानी, पशुपंक्षी आदिको बारेमा तालिका बनाई विश्लेषण गरिएको छ ।

## ४.२.१ उमेर र लिङ्गगत संरचना

वैदेशिक रोजगाको सन्दर्भमा उमेर र लिङ्गको त्यति नै महत्व रहन्छ । यसरी वैदेशिक रोजगारीमा जाने व्यक्ति र घरपरिवारका उमेर र लिङ्गका बारेमा जानकारी लिन वा कुन उमेर समूहका जनसंख्या कति मात्रामा यस अध्ययन क्षेत्रमा रहेका छन् भनि बुझ्न उमेर र लिङ्गगत विवरणलाई तालिका न. २ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २**

**छातेढुङ्गा वाड नं ५ र ८ का मानिसहरूको उमेर र लिङ्गगत विवरण:**

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० - १४ | २९ | ३२ | ६१ |
| १५ - ३९ | ५९ | ६६ | ११४ |
| ४० - ५९ | ४८ | ५८ | ११७ |
| ५९ + | १८ | १२ | ३० |
| **जम्मा** | १५४ | १६८ | ३२२ |

स्रोत: स्थलगत सर्वेक्षण, २०७०

तालिका २ को आधारमा विभिन्न उमेर समूहमा तुलनात्मक रुपमा पुरुष भन्दा महिलाको संख्या बढी पाइयो । जुन हाम्रो नेपाली समाजमा महिलालाई पुरुष सरह स्वतन्त्रता छैन अधिक मात्रामा युवा पुरुष वर्ग विदेश जाने क्रमले गर्दा खेरी महिलाको संख्या पुरुषको भन्दा बढी भएको पाइन्छ । यसरी जम्मा ९१ घरधुरी मध्ये महिलाको संख्या १६८ देखिनु र पुरुषको संख्या १५४ देखिनुले पनि यस कुरालाई पुष्टी गरेको देखिन्छ । यसको साथै उमेरगत कुरालाई अध्ययन गर्दा विशेष गरी १५ देखि ३९ वर्ष उमेर समूहका व्यक्तिको संख्या बढी रहेको पाइयो । जसलाई हामी सक्रिय जनशक्तिको रुपमा लिन सक्छौ । जून उमेर वैदेशिक रोजगारमा संलग्न हुने उमेर पनि हो अध्ययनको क्रममा यही उमेर समूह मानिसहरु बढी विदेशीने गरेको पाइयो जसले गर्दा हाल घरमा केटाकेटी र बुढाबुढीहरुको बाहुल्यता भएको पाइयो भने महिलाले घरभित्री देखी बाहिरीको काम समेत सम्हालेको पाइयो ।

### ४.२.२ वैदेशिक रोजगारमा गएको परिवारको विवरण

हाम्रो देश नेपाल बहुभाषी, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक भएको मुलुक भएकोले गर्दा कुनै पनि समाजमा वा क्षेत्रमा विभिन्न जातजातिहरुको बसोबास रहेको पाइन्छ । त्यस्तै गरी वैदेशिक रोजगारको सन्दर्भमा पनि सबै जातजातिहरुको उत्तिकै मात्रामा संलग्नता भएको पाइयो जसले गर्दा समाजमा म ठूलो तँ सानो जात भनी भेदभाव नगरीकन सबै समाजमा पारस्पारीक सम्बन्ध रहेको पाईयो । यसै सन्दर्भमा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न जातिहरुको विवरणलाई तालिकामा देखाइएको छ ।

**तालिका नं.३**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको जातिगत विवरणः**

| जातजाति | संख्या | प्रतिशत |
|---|---|---|
| लिम्बू | ३ | ५.४५ |
| राई | १० | १८.१८ |
| ब्राह्मण | ५ | ९.०९ |
| क्षेत्री | १७ | ३०.९० |
| मगर | ०२ | ३.६३ |
| दलित | ०५ | ९.०९ |
| तामाङ | १३ | २३.६३ |
| **जम्मा** | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

यस तालिका नं.३ को अध्ययन गर्दा, यस क्षेत्रबाट सबै जातजातिहरुका मानिसहरु वैदेशिक रोजगारमा संलग्न भएको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न हुनका लागि जातको कुनै सम्बन्ध छैन तर तुलनात्मक रुपमा क्षेत्री जातका व्यक्तिहरु वैदेशिक रोजगारको लागि बढी बाहिर गएको पाइयो । अध्ययन क्षेत्रको जनसंख्या पनि क्षेत्री जातिको नै बढि रहेको पाइयो । यस अध्ययन क्षेत्रका व्यक्तिहरु वैदेशिक रोजगारीमा संलग्न भएपछि आफ्नो परम्परागत रुपले अपनाएको पेशामा परिवर्तन भने विस्तारै आएको देखिन्छ । जस्तैः-कामी जातिले कृषिको लागि कुट्टो, कोदालो, हतौडा बनाउन छाडेर सुन कमाउन, व्यापार बिजनेस गर्न थालेको, सार्की जातिले छालाको सामान मुडा, जुत्ता

बनाउने र अन्न साट्ने काम गर्दथे । तर अहिले उनिहरु अन्न लिएर वर्षदिन भरी छालाको सामान बनाउने काममा अन्नका सट्टा नगद, ज्याला लिने परम्पराको विकास भएको छ । थोरै थोरै पैसा जम्मा गरेर पसल खोलेर बसेको देखियो । यसबाट के देखिन्छ भने जुन हिजो परम्परातगत रुपले अंगालेको पेशालाई परिमार्जित गरेको जातिगत पेशा वा परम्परागत पेशामा अहिले आएर विस्तारै परिवर्तन भएको देखियो जुन कुरालाई हामी सामाजिक, सांस्कृतिक परिवर्तनका रुपमा लिन सक्छौ ।

यसका साथै वैदेशिक रोजगारमा संलग्न भएर आएका विभिन्न जातजातिहरुमा अहिले आएर जातिगत भेदभाव कम भएको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न भएका एक लिम्बू जातिको उत्तरदाताले भने हामी विदेशमा रहँदा सँगै बस्ने, खाने, सुत्ने, सँगै काममा जाने आउने, सँगै काम गर्ने, त्यहाँ जातको कुनै मतलब हुन्नथ्यो । नेपाली भनेपछि सबै एक आफ्नै दाजुभाइ जतिकै हुन्थ्यौं भनी बताउँछन् । अहिले उनीहरु आफ्नो घर भित्र नै बोलाउने काम चाँहीं नभएता पनि बाहिर पर्मा, खेताला, मेला, होटल, पिकनिक तिर सँगै बसेर खाने गरेको बताए । यस कुरालाई हामी सामाजिक सम्बन्धमा आएको परिवर्तन मान्न सक्छौं । यसरी वैदेशिक रोजगारले गर्दा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सम्बन्धित क्षेत्रका समाजिक सम्बन्धहरुमा परिवर्तन आएको देखियो ।

## ४.२.३ शिक्षा

शिक्षालाई ज्ञानको ज्योति मानिन्छ जसले अध्याँरोबाट उज्यालो तर्फ धकेल्छ । मानिसको जिवनमा शिक्षाको महत्वपूर्ण स्थान रहेको हुनाले शिक्षा मानवको लागी आधारभूत आवश्यकतामा पर्दछ । समाजलाई मजबुद बनाउन शिक्षाको महत्वपूर्ण भूमिका रहनछ तर हाम्रो जस्तो गरिब मुलुकमा योग्यता अनुसारको रोजगार नपाउने कारणले शिक्षाबाट विकर्षीत भएको पनि देखिन्छ । हाम्रो देशको शैक्षिक जनशक्ति विदेश तिर हानिदा देश र समाजको विकास र निर्माणमा असर पर्न जाने देखिन्छ । वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको शैक्षिक विवरणलाई तालिकामा हेरौं ।

**तालिका नं.४**

**वैदेशिक रोजगारमा संलग्न व्याक्तिहरुको शिक्षा सम्वन्धि विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| S.L.C. सम्म | २६ | ४७.२७ |
| S.L.C. वा सो सरह | १९ | ३४.५४ |
| आइ.ए.वा सो सरह | १० | १८.१८ |
| **जम्मा** | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथीको तालिका अध्ययन गर्दा तुलनात्मक रुपमा S.L.C. सम्म पढ्नेहरुको संख्या वैदेशिक रोजगारमा बढी गएको देखियो भने सबैभन्दा कम आई. ए वा सो सरह पढनेको संख्या बढि रहेको छ । प्राय गरि s.l.c. मा फेल हुनेहरु र कतिपय s.l.c. पास हुनेहरु पनि उच्च शिक्षा पढ्न धेरै खर्च लाग्ने हुनाले उनिहरुले पढन भन्दा विदेश गएर कमाउनतिर लागेको बताउँछन् । पढेलेखेको युवाहरुको लागी गाउँघरमा रोजगार नमिल्ने भएको देखेर पनि युवाहरु शिक्षा प्रति आकर्षित हुन नसकेको देखिन्छ । त्यस्तै आई. ए. सम्म पढ्नेहरुले पहिले पहिले त स्थानीय स्कुलमा निजी शिक्षक जागिर पाउँथे भने अहिले त कम्तीमा आई.एड पास गरेर लाईसेन्स प्राप्त गरेपछि औपचारीक परिक्षा पास गरे पछि मात्र पाउने हुनाले स्कुल पढाउन पनि गाह्रो छ । त्यसैले उनिहरु पढ्दा पढ्दै छोडेर वैदेशिक रोजगारीमा गएको देखियो । त्यस्तै कतिपयले आफ्ना बाबु, दाजु, आफन्तहरुले विदेशबाट भिसा पठाउने हुनाले पनि पढ्न छोडेर विदेश गएको कुरा सुनाए । मुख्यतया गाउँघरमा रोजगारको अभावको कारण पनि विदेश जान पुगेको देखिन्छ ।

आफ्नो देशमा योग्यता क्षमता अनुसारको रोजगार नपाएपछि विदेश जानु परेको बाध्यता देखिन्छ । आइ.ए.वा सो सरहमा अध्ययनरत विद्यार्थीहरु पनि आफ्नो पढाईलाई छोडेर पढेर आफ्नो भविष्य नहुने देखेर विदेश पलायन भएको देखिन्छ भने अर्का तिर गाउँघरमा प्रायजसो स्कूल पढ्दा पढ्दै छोड्ने प्रकृति बढी देखिन्छ । त्यसपछि विकल्पको रुपमा वैदेशिक रोजगारलाई उनिहरुले अंगालेको देखिन्छ । यसको प्रभाव स्वतः समाजमा परेको छ किनकी स्थानीय तहमा विभिन्न सामाजिक कार्य संचालन गर्न आवाज उठाउने युवाहरुको अभाव खड्किएको छ भने विद्यालयमा एक पटक फेल भएपछि कक्षा नदोहोऱ्याउने र पासपोर्ट बनाउन तिर लाग्नेहरु अध्ययन क्षेत्रका युवाहरुमा देखियो ।

## ४.२.४ पारिवारिक संरचना

परिवार समाजको एक आधारभूत संस्था हो । परिवार सामाजिक संजालमा अडिएको हुन्छ । परिवारबाट नै जैविक प्राणीको रुपमा रहेको मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुन्छ । विभिन्न समाज र संस्कृतिको अध्ययनबाट विभिन्न काल खण्डका समाजमा पारिवारिक बनावटको आधारमा विभिन्न काल खण्डका समाजमा विभिन्न स्वरुपमा परिवारको ढाँचा देख्न सकिन्छ तर नेपालको सन्दर्भमा पारिवारिक बनावटको आधारमा एकात्मक र संयुक्त परिवार रहेको देखिन्छ । एकात्मक भन्नाले बाबुआमा र तिनीहरुका अविवाहित छोराछोरी एक ठाउँमा बस्नुलाई जनाउँदछ भने संयुक्त परिवारले आमा, बाबु र तिनका (३) तिन पुस्तासम्मको सदस्यहरु एकै साथ बस्नुलाई जनाउँदछ । परिवारको पालनपोषण र आफ्नो जिवीकोपार्जन, शिक्षादीक्षा, जीवनस्तरलाई माथि उठाउन र घरपरिवारको खुशी ल्याउन, घर व्यवहार सञ्चालन गर्नका लागि बेरोजगार व्यक्तिहरु वैदेशिक रोजगारको लागि विदेश पलायन हुने वा विकल्पको रुपमा विदेशिने पारिवारिक बनावटसँग जोडिएको छ । यस अध्ययन क्षेत्रको पारिवारिक वनावटको विवरणलाई तालिका नं ४ मा देखाईएको छ ।

**तालिका नं ५**

**वैदेशिक रोजगारमा संलग्न व्याक्तीको पारिवारिक संरचनाको विवरणः**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | ३४ | ६१.८१ |
| संयुक्त | २१ | ३८.१८ |
| **जम्मा** | ५५ | १००.०० % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं.५ अनुसार अध्ययन क्षेत्रमा जम्मा घरधुरी मध्ये एकात्मक परिवारको बाहुल्यता देखियो । यस अर्न्तगत संयुक्त परिवारको बाहुल्यता तुलनात्मक रुपमा तामाङ जाति र दलितमा रहेको पाइयो यस्को कारण चाँहि उनिहरुमा जनचेतनाको अभाव र गरिविको कारण रहेको देखियो । भने एकात्मक परिवारको रुपमा लिम्बू, ब्राह्मण, क्षेत्री जातिमा रहेको पाइयो । यसका साथै एकात्मक परिवारमा आफ्ना साना-साना छोराछोरी र श्रीमतिलाई छोडेर गरिब र बेरोजगारीका कारणले विदेशमा गएको देखियो भने संयुक्त परिवारमा पनि बुढाबुढी, आमा, बाबुलाई छोडेर पैसाकै लागि

विदेश गएको अवस्था देखियो । बुढापाकाहरुले आफ्ना छोराछोरी आफन्तलाई स्वदेशमै रोजगार पाएको खण्डमा विदेश नपठाउने कुरा बताए । विदेश गएपछिको आफ्नो कामको जिम्मेवारी थपिएको कुरा एकात्मक परिवारको उत्तरदाताले बताइन् ।

### ४.२.५ वैदेशिक रोजगारमा गएको देश

वैदेशिक रोजगारमा संलग्न व्याक्तिको आर्थिक तथा सामाजिक पक्षमा परिवर्तन हुन व्याक्ति गएको देशले पनि निर्धारण  गर्ने गर्छ । नेपालीहरु आजसम्म विश्वको विभिन्न ठाउँमा काम गर्न तथा उच्च शिक्षा लिनको लागि गईहेका छन् । हाम्रो विकासशिल मुलुकमा पर्याप्त रोजगारको अवसर नभएर पैसा कमाउने उदेश्यले नै नेपालीहरु अर्काको देशमा गएका हुन्छन् । धेरैजसो देशहरुको तुलनामा नेपालको पैसा सानो भएकोले स्वदेशमा रोजगारी पाउँनेको तलव पनि कम हुने र विदेशमा गएर काम गर्दा विदेशको पैसा नेपालमा धेरै हुने भएकोले धेरै कमाउने उदेश्यले पनि नेपालीहरु विदेश गएको हो

**तालिका न. ६**


**अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा संलग्न व्याक्ति गएको देशको नामहरु**

| देश | संख्या | प्रतिशत |
|---|---|---|
| कतार | १५ | २७.२७ |
| दुवई | १५ | २७.२७ |
| जापान | २ | ३.६३ |
| मलेशिया | ११ | १६.३६ |
| कोरिया | ३ | ९.०९ |
| साउदि अरब | ८ | १४.५४ |
| अन्य | १ | १.८१ |
| जम्मा | ५५ | १००.०० |

माथिको तालिकाबाट के देखिन्छ भने अध्ययन क्षेत्रका युवाहरु बढि जस्तो कतार र दुवई गएका रहेछन् भने जापान कोरियामा कम संख्यामा जाने गरेको देखियो यो तथ्याङ्कले के देखाउछ भने अध्ययन क्षेत्रमा एकातिर न्युन आर्थिक अवस्था तथा मध्यम आर्थिक अवस्थाका मानिसहरु वढि छन्

त्यसैले युरोपियन देश जानका लागि धेरै पैसा लगानी गर्नु पर्ने हुनाले उनिहरु खाडी मुलुक नै गएको पाईन्छ अर्कोतिर कोरिया जाने प्रचलन सन् २००८ देखि यता मात्र भएको र त्यहाँ जान खाडी मुलुक जस्तो सजिलो नभएको, भाषा सिक्नु पर्ने, परिक्षा पास गर्नु पर्ने जस्ता झन्झटिलो भएकोले धेरै मात्रामा खाडी देश नै गएको पाईयो कमै मात्राले वैदेशिक रोजगारले नफापेको बताए सामान्यतया विदेश जानेहरुको धेरैमात्रामा नभए पनि आर्थिक पक्षमा राम्रै सुधार भएको देखियो तुलनात्मक रुपमा वैदेशिक रोजगारका लागि तथा अध्ययन गर्नको लागि भनेर गएका जापान कोरिया जाने व्याक्ती वा परिवारमा राम्रो आर्थिक तथा सामाजिक परिवर्तन भएको अन्तरवार्ता र अवलोकन विधीबाट देखियो । त्यहाँका कतिपय सहभागीहरुले खाडी मुलुक जानको लागि एक लाख देखि दुई लाख सम्म तिरेर जान सकिने तर युरोपियन देशमा जाने जति पैसा भएको भए किन विदेश जाने यहि केहि विजनेश गरेर बस्ने कुरा बताए ।

**४.२.६ उमेर** **चार्ट नं १**




यो पाई चार्ट हेर्दा यहाँ २३ वर्ष देखी २८ वर्ष सम्मका युवाहरु वैदेशीक रोजगारमा बढी गएको देखियो । यो उमेर समूहका जनशक्ति भनेको समाज वा देशका लागी सक्रिय जनशक्ति वा उत्पादनशिल जनशक्तिको रुपमा चिनीन्छ । यी आर्थीक र सामाजिकरुपले सक्रिय जनशक्ति बेरोजगारीका कारण विदेशमा आफ्नो पसिना बगाईरहेछन् । यी सब कारण आफ्नो गाउँघरमा रोजगारी नपाइनु यिनै उमेर समूहका व्यक्तिले आफ्नो परिवारको जीवन निर्वाहको लागी घरव्यवहारमा थाम्ने जीम्मेवारी पनि भएको हुनाले वैदेशीक रोजगारीमा संलग्न हुनु परेको देखिन्छ । हाम्रो समाजमा कुनै पनि व्याक्तिले सानो तिनो काम गरेर जिवीका चलाउन लाज मान्ने प्रवृति छ

यत्रो पढेर पनि खै हामी जस्तै खेती नै गरेर बसेको छ भनि कुरा काट्नेहरू गाउँघरमा धेरै भेटिन्छन् । यस्ता सामाजिक दवाबले पनि स्थानिय युवाहरू पढाई छोडेर वैदेशिक रोजगारिलाई प्राथमिकता दिएको पाईन्छ ।

क्षेत्र बढी प्रभावित भएको छ । यहाँका उत्पादनयोग्य जग्गा जमिनहरु बाँझो भईरहेको अवस्था छ भने कतै जमिनको राम्रो उपयोग हुन नसकेको कारण उत्पादनमा ह्रास आएको छ । सामाजीक कार्यः विवाह, ब्रतवन्ध, भोज, पुजा, मेलापात, जन्त, मलामी, चाडपर्व आदि कार्यमा युवाहरुको अभाव खड्किएको छ । आफ्ना आवश्यक्ताहरु जस्तैः- आफनै खेतबारीबाट उत्पादन गर्न सकिने खाद्दपदार्थहरू पनि अहिले वजारबाटै किनेर ल्याउनु पर्ने बाध्यात्मक स्थिति आएको छ जस्तै चामल, पिठो, दाल, सागसब्जी आदि । अलिकति हामी र हाम्रो समाजलाई आजकल अली अल्सीपनाले छाएको छ वैदेशिक रोजगारमा आफ्नो परिवारको सदस्य गएको हुन्छ उस्ले थोरबहुत पैसा कमाएर घरमा पठाउँछ र घरमा बस्ने मानिसहरुको कियाकलापमा परिवर्तन देखिको छ अघिल्लो समयको झैँ कडा परिश्रम गर्न छोड्ने कतिपयले त आफ्नो जग्गा जमिन अरुलाई कमाउन दिने आदि कियाकलापले गर्दा पनि जमिनको सहि उपयोग भैराखेको छैन जति आफ्नो जग्गालाई माया गरेर उपभोग गर्छौ त्यति अर्काको जग्गा कमाउँदा श्रम गरिदैन जस्तो जमिनमा उपयुक्त मलजल नगर्ने,समयमा बाली नलगाउनु, भत्केको लडेको नबनाउने जमिनको राम्रो रेखदेख नगर्नु यि सब कारण युवाहरु वैदेशिक रोजगारमा गएका कारण उत्पादित समस्याहरु हन् । त्यस्तै सामाजिक समारोहतिर युवाहरुको अभाव देखिन्छ । घरमा प्रायजसो बालबालीका तथा वृद्ध वृद्धाहरु रहेको दखियो यसका साथै अध्ययन क्षेत्रबाट पुरुष वर्ग बढि वैदेशिक रोजगारमा गएको हुनाले घरको काम र बाहिरको कामहरुमा महिलालाई बढि कामको भार परेको एकजना सहभगी उत्तरदाता महिलाले बताईन् ।

## ४.९ पेशा

कुनै पनि व्यक्तिले समुदाय तथा त्यस ठाउँमा गर्ने काम वा रोजगारीलाई पेशा भनिन्छ । परिवारको जीवन संचालन गर्नका लागि अपनाउने बाटो पेशा हो । आर्थिक पक्षसँग सम्बन्धित पेशा समय र परिस्थिती अनुसार परिवर्तन भइरहन्छ । पेशा भनेको अर्थोपार्जनको माध्यम भएकोले यसले प्रत्यक्ष रुपमा वा परिवारको आयआर्जनमा असर पार्ने गर्दछ । यसका साथै पारिवारिक पेशाले पनि वैदेशिक रोजगारसँग सम्बन्ध राखेको हुन्छ किनकी पारिवारिक पेशाले उनीहरुको परिवारको जीवन वा

जीविका राम्रोसँग नचलिरहेको अवस्थामा वैदेशीक रोजगार वैकल्पिक माध्यम बन्न सक्छ । त्यसैले यसरी वैदेशिक रोजगारमा संलग्न परिवारको मुख्य पेशालाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.७**

**वैदेशिक रोजगारमा संलग्न परिवारको घरमुलीको पेशागत विवरणः**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३२ | ५८.१८ |
| व्यापार | ७ | १२.७२ |
| मजदुरी | ३ | ५.४५ |
| नोकरी | १३ | २३.६३ |
| **जम्मा** | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

यस तालिका नं. ७ अनुसार अध्ययन क्षेत्रको कुल घरधूरी मध्ये बहुसंख्यक घर ३२ घरधुरी कृषि पेशामा रहेको पाइयो र उक्त पेशाले वर्षभरी सम्म खान नपुग्ने, वर्षमा ८ महिना मात्र राम्ररी खान पुग्ने तथा अन्य आफ्ना आधारभूत आवश्यकताहरु पूरा गर्नका लागि वैदेशिक रोजगारीमा गएको अवस्था देखिन्छ । यस अध्ययन क्षेत्रमा कृषि पेशा बाहेक अन्य पेशाहरु पनि अंगालेको भएता पनि केही मात्रामा भएपनि प्रत्येक घर परिवारले कृषि पेशा अपनाएकै पाइयो । विस्तारै परम्परागत पेशामा परिवर्तन आउँदै गरेको पनि पाइयो । जस्तैः- कृषि गर्दा उत्पादनको लागि रासायनिक मल कृषि कार्यालयबाट उत्पादन हुने किसीमको बीउ बिजनको प्रयोग गरी उत्पादन कार्यमा परिमार्जन गरेको पाइयो । समाजमा हिजोका दिनहरुमा एउटै कृषि पेशा अंगाल्ने किसानहरुमा अहिले आएर व्यापार गर्न थालेको पनि देखियो । प्राय एकात्मक परिवारको सदस्य वैदेशिक रोजगारमा गएपछि घरमा कृषि कार्य गर्न कठिनाइ पर्ने भएकोले कृषि पेशा छोडेर व्यापार व्यवसाय तिर लागेको पाइयो । कृषि कार्य गर्नको लागि धेरै जनसहभागिता चाहिने भएकोले र अहिलेको समयमा मजदुरी गर्नेहरुको ज्याला पनि बढेर कृषि कार्य गर्नलाई कठिनाइ भएको अवस्था छ । मेला, पर्म गर्नका लागि पनि जनसंख्या चाहिन्छ जसको अभावमा कृषि पेशा संभव नभएकोले व्यापारले प्रसय पाएको देखियो भने अर्को तिर परिवारको सदस्य वैदेशिक रोजगारमा गएपछि घरमा बा, आमालाई कृषि कार्य गर्न शारीरिक कष्ट गर्न नपरोस भनी कृषि कार्यलाई छोडेर सानोतिनो भए पनि पसल खोलेर बस्न लगाएको कुरा उत्तरदाता बताउँछन् । यसबाट के देखिन्छ भने वैदेशिक रोजगारीका कारण परम्परागत पेशामा

विस्तारै परिवर्तन ल्याउन थालेको देखिन्छ । हिजोको दिनहरुमा ज्याला मजदुरी गर्नेहरु आज सानातिना पसल खोलेर आफ्ना जीवनयापनको व्यापारिक क्रियाकलापमा परिवर्तन गरेको देखियो ।

## ४.१० आम्दानी

आम्दानी जीवनयापनको महत्वपूर्ण इन्धन हो । कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सीलाई आम्दानी भनिन्छ । यो प्रत्यक्ष रुपमा रोजगारसँग सम्बन्धित हुन्छ । आम्दानी अनुसार मानिसको जीवनस्तर निर्माण हुन्छ । त्यस्तै परिवारको आम्दानी पनि वैदेशिक रोजगारीसँग सम्बन्धित देखिन्छ । किनकि कुनै पनि परिवारका आम्दानीले उनीहरुको जीविका चल्न नसक्ने अवस्थामा वैदेशिक रोजगारी आयस्रोतको एउटा राम्रो माध्यम बन्न पुग्छ । यसरी परिवारको आम्दानीलाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**वैदेशिक रोजगारमा संलग्न हुनुपुर्व परिवारको वार्षिक आम्दानी विवरणः**

| **बार्षिक आम्दानि** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ४० हजार भन्दा कम | ३० | ५४.५४ |
| ४० हजार देखि ८० हजार सम्म | १९ | ३४.५४ |
| ८० हजार भन्दा माथि | ६ | १०.९० |
| **जम्मा** | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका नं.८ ले के देखाउँछ भने अध्ययन गरिएको घरहरुको तुलनात्मक रुपमा आम्दानी कम भएको धेरै घरधुरि संख्या ३० पाइयो जसले गर्दा आफ्नो घरव्यवहार अलि राम्रोसँग चलाउनको लागि उनीहरुका सदस्यहरु वैदेशिक रोजगारमा संलग्न भएको कुरा बताए । जसले केही हदसम्म आफ्नो आर्थिक स्थितिमा सुधार आएको र समाजमा पनि आफ्नो हैसियत केही राम्रो भएको कुरा बताए अर्थात हिजोको दिनमा सामान्य चाडपर्व मान्नलाई पनि साहुको घरमा ऋण माग्न जानुपर्थ्यो अहिले आएर वैदेशिक रोजगारबाट प्राप्त पैसाले आफ्ना आवश्यकता पूरा गर्न पाएको, थोरै थोरै रकम भएपनि वैङ्क व्यालेन्स गरेको, त्यस्तै गरी जग्गा जमिन किनेर खेती गर्न अरुलाई दिएको कुरा समेत बताए । यसरी केही हदसम्म भए पनि वैदेशिक रोजगारीले सामाजिक सम्बन्ध परिवर्तन गर्न

र आर्थिक स्थितीलाई माथि उकास्न सहयोग गरेको देखियो । त्यस कुरालाई प्रष्ट पार्न अध्ययन क्षेत्रको कुनै एक (परिवार) व्यक्तिको वैयक्तिक अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने वैदेशिक रोजगारमा संलग्न एक दलित परिवारका ३२ वर्षिया सदस्य आफ्नो बुढाबुढी बाआमा सहित ५ जनाको परिवारलाई धान्न गाह्रो भएको घरको जिम्मेवारी आफुलाई परेको । उता साहु (जमिनदार) ले बेला-बेला मेरो जग्गाबाट निस्केर जाउँ भन्ने धम्की पनि आउँथ्यो । छिमेकीको कुदृष्टिले गर्दा पनि आमा भन्नुहुन्थ्यो कि हामी अन्तै जाउँ । यसै पनि हामी दलित भएको कारणले छरछिमेकले हेप्ने गर्थे मैले एक दिन इन्डियाको पञ्जाब भन्ने ठाउँमा जाने निर्णय गरे । त्यहाँ पुगेर म केही दिन दाइसँग बसे त्यसपछि मैले आफ्नो काम खोजे एउटा रेडीमा (४ पाङ्ग्रे गुडने खालको) काम पाएँ । त्यहाँ मैले कडा मिहेनतका साथ काम गरे त्यसबाट कमाएको २/४ पैसा जम्मा गरेर आफै रेडी किने । मैले काम पनि सिकीसकेको थिए । विभिन्न प्रकारका खानेकुराहरुको आइटम्सहरु राखे । ग्राहकहरुको पनि दिनदिनै घुइचो लाग्न थाल्यो । यसैबाट मलाई फलीफाप भयो । केही बर्षमै पञ्जाबमै १५/१६ वटा रेडी किनेर चलाउन थाले । यसरी नै मेरो विजनेश चलिरह्यो । यसबाट मलाई धेरै फलिफाप भयो अहिलेको अवस्था राम्रो छ गाडीमा पैसा लाएको छु । यसरी आफ्नो प्रगती देखेर छरछिमेकले पनि राम्रो व्यवहार गर्ने गरेको बताउँछन् । भरअभरमा पैसा सरसापट लिने दिने गरेको साथै सामाजिक समारोह तिर सामूहिक सहभागीता रहेको कुरा बताउँछन् । आफ्नो विवाह गर्दा संस्कृति अनुसार नातागोता इष्टमित्रलाई बोलाई आफ्नो इज्जत ढाक्ने किसिमले विवाह गरेको र आफूले गरिबीको कारण पढ्न नसकेकोले गर्दा छोराछोरीलाई बोडिङ, क्याम्पसमा पठाएको कुरा बताउँछन् ।

हिजोको दिनमा आफूलाई दलित भनि हेपेर बोलाउने साथीहरुले अहिले आएर सँगै बसेर खाने सम्म गरेको बताउँछन् । यी सबै वैदेशिक रोजगारको कारण मान्न सकिन्छ ।

### ४.११ जमिन

जमिनलाई व्यक्ति तथा समुदाय राष्ट्रको महत्वपूर्ण स्रोत साधनको रुपमा लिइन्छ । जमिन भनेको व्यक्ति वा परिवारको अचल सम्पत्ति हो जहाँ व्यक्ति रहन्छ र आफ्नो पेशा संचालन गर्छ र आफ्नो जीविकोपार्जन गर्दछ । जमिनलाई सही सदुपयोग, पहिचान गर्न सके जमिनलाई नगद तथा जिन्सी आदि विभिन्न रुपमा पनि लिन सकिन्छ । पहिले-पहिले जमिनलाई खेतीपाती गरी जीविका चलाउनेको रुपमा मात्र प्रयोग गरिन्थ्यो भने आज आएर जमिनलाई घरघडेरीको रुपमा व्यापार

गरेको पाइन्छ । कोही-कोहीले त आफ्नो पेशा नै यही बनाएको पाइन्छ । जमिन वैदेशिक रोजगारीसँग सम्बन्धित छ किनभने भएका जग्गा जमिनबाट उत्पादित अन्नले वर्षभरी खान नपुग्ने, खेतीपाती गर्ने समयमा मौसम अनुकूल नहुनाले जमिनको उत्पादित क्षमतामा कमी आउने भएकाले गर्दा परिवारको जीविका संचालन गर्न गाह्रो हुने भएकोले वैदेशिक रोजगारमा जान बाध्य भएको अवस्था छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका परिवारको जमिनको अवस्थालाई तालिका नं.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.९**

**वैदेशिक रोजगारमा संलग्न हुनु पूर्व परिवारको जमिनको विवरणः**

| **जमिनको विवरण** | **संख्या** |
|---|---|
| ५ देखि १० रोपनी | ५ |
| १० देखि १४ रोपनी | १३ |
| १४ देखि २० रोपनी | १९ |
| २० रोपनी भन्दा माथी | १८ |
| जम्मा | ५५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं.९ अनुसार  तुलनात्मक रुपमा सबैभन्दा वढि घरधुरीको १४ देखि २० रोपनी जमिन रहेछ, अध्ययन क्षेत्रमा सबैभन्दा कम ० देखि ५ रोपनी जमिन एक घरले मात्र उपभोग गर्ने गरेको देखियो । त्यहाँ जमिन नभएको मानिस कोहि पनि रहेनछ । उनिहरुको जमिनको आधारमा आर्थिकरुपमा सवलै देखिएता पनि भएका जग्गा जमिनबाट बर्षभरि खान नपुग्ने अन्न उब्जनु, जलवायु परिवर्तनको कारण समयमा पानी नपर्नु,त्यसै पनि पहाडमा आकाशे पानीको भरमा कमाई गरिनु यसरी आफ्नो खेतीपातीबाट उब्जेको अन्नले बर्ष भरि धान्न नसक्नाले यसको विकल्पको रुपमा वैदेशिक रोजगारमा संलग्न हुने गरेको परिवार तथा व्यक्तिले बताए । त्यसैले धेरै जग्गा जमिन भएको मानिसहरुले पनि आफ्नो जग्गाबाट उपयुक्त उब्जाउ नभएर वैदेशिक रोजगारलाई अँगालेको कुरा बताए । वैदेशिक रोजगारीमा संलग्न व्यक्ति तथा परिवारहरुले जमिन कसरी सदुपयोग भएका छन् भन्ने कुरा हेर्न तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं.१०**

**जमिनको उपयोगिताको विवरण**

| किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो जमिन आफै कमाउने | ३४ | ६१.८१ |
| बन्धकी लिने | ९ | १६.३६ |
| अधिँया कमाउने | ६ | १०.९० |
| अधिँया दिने | ६ | १०.९० |
| जम्मा | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं.१० का अनुसार वैदेशिक रोजगारमा संलग्न परिवारमा धेरै परिवारले आफ्नो जमिन आफै कमाउने गरेको पाइन्छ । विशेष गरी एकात्मक परिवारले अधिँया कमाउन दिने गरेको पाइन्छ उनिहरुमा कृषीकार्य गर्न जनशक्तिको अभाव भएकोले गर्दा अरुलाई कमाउन दिएको बताउछन् भने संयुक्त परिवारले आफ्नो जग्गा आफै कमाउने गरेको र अर्काको जग्गा पनि कमाउने गरेको देखियो । त्यस्तै गरेर काम गर्ने युवाहरु विदेश गएपछि खेतबारी बाँझो हुने, त्यस्तै अधिँया दिने गरेको पाइयो भने केही परिवारले विदेशबाट पठाएको पैसाले बन्धकी खेत किनेर खेतीपाती गरेको पाइयो । आफ्नो जग्गा जमिन नभएकाले अधिँया लिएर खेती गरेको पाइयो । आजकाल गाउँघर तिर प्रशस्त मात्रामा बाँझो जग्गाहरु पाइन्छ । उब्जाउन सक्ने युवाहरु विदेसिने गरेको र श्रम गरेवापत उत्पादन नहुने, मल, मजदुरहरु पनि महँगो हुने, बेमौसमी पानी पर्ने, आकासे पानीको भरमा काम गर्नु पर्ने इत्यादि कारणले गर्दा जग्गा जमिन बाँझो हुन गएको छ । यसरी खेतीबालीबाट चित्त बुझ्दो रुपमा उत्पादन नहुनाले नै मान्छेले वैदेशिक रोजगारलाई अँगालेको बुझियो । वैदेशिक रोजगारबाट उनीहरुलाई नकरात्मक भन्दा बढी सकरात्मक प्रभाव परेको देखियो । अधिँया गर्ने र मजदुरी गर्नेले विदेशबाट कमाएको पैसाले जग्गा जमिन किनेको, घर घडेरी किनेर परिवर्तन भएको देखिन्छ ।

## ४.१२ घर

सामान्य अर्थमा घर भन्नाले व्यक्ति तथा परिवारको बसोबास गर्ने स्थल हो । सामान्यता घरको बनावटको आधारमा व्यक्ति तथा परिवारको आर्थिक अवस्था तथा सामाजिक अवस्था बुझ्न सकिन्छ

यसै सन्दर्भमा तालिका नं.१० मा वैदेशिक रोजगारमा संलग्न तथा परिवारहरुको घरको बनावटलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं.११**

**वैदेशिक रोजगारमा संलग्न परिवार तथा व्यक्तिका घरको छानाको बनावटको विवरणः**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| टिनको छानो | १९ | ३४.५४ |
| खरको छानो | ३६ | ६५.४५ |
| जम्मा | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं.११ अनुसार अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न घरको बनावटको आधारले पनि उनीहरुको आर्थिक अवस्था निर्धारण गर्ने हुनाले घरको बनावटलाई लिएको हो । जम्मा ५५ घरधुरी मध्ये १९ घरधुरी मात्र टिनको छानो भएको र खरको छानो भएको घर ३६ घर रहेछन् । वैदेशिक रोजगारमा संलग्न भई राम्रो कमाई हुने सदस्यहरुको टिनको छानो भएका घरहरु पाइन्छन् अथवा धेरै पहिले नै विदेश गएका व्यक्ति तथा परिवारको घरको छानो टिनले छाइएको पाइयो । अहिले हालसालै बनेका घरहरुमा प्रायः टिनकै छाना लाएको देख्न सकिन्छ । छानाको बनावटको आधारमा पनि वैदेशिक रोजगारीमा संलग्न सदस्यको वैदेशिक रोजगारमा संलग्न भएको देश, समय, कमाईको आधारमा निर्धारित हुने गरेको देखिन्छ ।

# अध्याय-पाँच

## ५.१ वैदेशिक रोजगारीको कारण

नेपाल प्राकृतिक तथा भौगोलिक विविधता भएको मुलुक भएकोले यहाँ हिमाली, पहाडी र तराईका भू-खण्डहरु अवस्थित छन् तर यहाँ कृषिमा परम्परागत प्रणाली, जग्गाको कमी, जमीनको अनुचित प्रयोग, वर्षादको पानीमा निर्भर हुनुपर्ने जस्ता कारणहरुले गर्दा जनतालाई कृषिमा जीवन चलाउन कठिन पनि रहेको छ । यही कठिन अवस्थामा जीवन गुर्जानको लागि वैदेशिक रोजगारीलाई विकल्पको रुपमा लिन सकिन्छ ।

सन् १८०० को शुरुदेखि पञ्चायतका राजा रणजित सिहं बाट राजधानि लाहौरमा शुरु भएको लाहुरे भर्ति व्रिटिस सरकार हुदै हालसम्म नै जारि रहेको छ । ( मिश्र, २०६०)

नेपालमा वैदेशिक रोजगारमा जाने प्रचलन पुरानो भएता पनि विशेष गरेर सन् १९५० पछि नेपालीहरु कामको सिलसिलामा वैदेशिक रोजगारमा संलग्न हुन थालेको देखिन्छ । सर्वप्रथम वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट शुरु भएको हो । (भट्टराई,२०६९) । संस्थागत रुपमा भने नेपाली कामदारहरु विगत २० वर्ष देखि यता मुख्य रुपमा खाडी मुलुकमा रोजगारीको लागि जाने गरेको पाइन्छ । पहिले पहिले विदेश जानेको संख्या औला भाँचेर गन्न सकिन्थ्यो भने अहिले यो क्रम निरन्तर रुपमा बढेर करिब दिनको एक हजार ६ सय जना नेपाली कामदार विदेश जाने गरेको देखिन्छ । वैदेशिक रोजगार नेपालीहरुलाई बाध्यता हुनुको प्रमुख कारण त देशमा फैलिएको बेरोजगारी समस्या, आन्तरिक द्वन्द्व, राजनीतिक अस्थिरता, गरिबी, स्वदेशी कलकारखाना बन्द हुँदै जानु हो । गणतन्त्र स्थापना भए यताको मात्र दिनहरुको अवस्थालाई हेर्ने हो भने पनि चार गुणाले बढेको तथ्याङ्कले देखाएको छ । वैदेशिक रोजगार विभागका अनुसार २०६५ आर्थिक वर्षको अन्त्य सम्ममा नेपालबाट श्रम स्वीकृति दिएर वैदेशिक रोजगारमा जानेको संख्या झन्डै साडे २२ लाख पुगेको छ ।

वैदेशिक रोजगारको शुरुवातको इतिहास धेरै पहिलेदेखि भएता पनि नेपालबाट विदेश जाने थालनी करिब २०० वर्ष अघिदेखि भएको पाइन्छ (शाही,२०६०) । शुरुका दिनहरुमा वैदेशिक रोजगारमा जानेको संख्या कमै मात्रामा पाइन्थ्यो । गई सक्दा राम्रो कमाइ लिएर फर्कन्थे र उसको आर्थिक स्थितीमा सुधार आएकोले समाजमा उनीहरुको राम्रो छाप पनि रहेको हुन्थ्यो भनी स्थानिय बुढापाका बताउँछन् । त्यस समयमा कमाएको रुपयाँले पारिवारिक जीवनमा ठूलो परिवर्तन ल्याउन

सफल भएको पनि बताउँछन् । एक जना उत्तरदाताका अनुसार वैदेशिक रोजगारमा जानु अघि आफु लगायत स-परिवार अर्काको घर जग्गामा बसेको, अर्काकै खेती कमाएर खाने गरेको र पछि रोजगार गर्न विदेश गएर आएपछि सदरमुकाममा घर किनेर बसाइँ सरेको बताउँछन् र आफ्नो छोराछोरीहरु बोडिङ्ग स्कूलमा अध्ययन गराइरहेका त्यसैगरी अहिले ३ तले पक्की घरमा बसेर आफु एक कपडा व्यापारी भएको कुरा समेत बताउँछन् ।

त्यस्तै अर्का उत्तरदाता बताउँछन् विगत १० वर्ष जनयुद्धमा आफु पनि ६ महिना मावोबादी सेनामा हिँडेको त्यसपछि त्यहाँ खट्न नसकेर त्यहाँबाट भागेर लुकीछिपी चिनेको एजेन्ट मार्फत मलेसिया उडेको कुरा बताउँछन् । गाउँमा सानो झुपडीमा बस्ने आफ्नो खेतीबारीबाट जेनतेन खान लाउन मात्र पुग्ने अवस्थामा तत्कालिन राजनीतिक अस्थिरताको कारण माओवादी क्रान्ती चरम सिमामा पुगेका हुनाले जनसेना वृद्धि गर्ने अभियान थियो । त्यही बेला जनसेनाहरु आएर यस्तो दुःख गर्नु पर्दैन हिँड हामीसँग जाउँ भनी वहाँहरुले ड्रेस समेत लगाइदिएर लगे । घरमा उमेर पुगेको अथवा काम गर्न सक्ने आफु मात्र भएकाले दुःख थियो । त्यसरी ६ महिनापछि म भागेर २०६० साल असार ५ गते मलेसिया उडे त्यहाँ भाग्यवस कम्पनी राम्रो भएकाले गर्दा कमाइ पनि राम्रै भयो । त्यसपछि करिब साडे ३ वर्ष पछि घर आउँदा जन आन्दोलनको पनि अन्त्य भएको रहेछ । आएर प्रथमत घर बनाएर टिनको छाना लगाइयो र छुट्टै खेती गर्ने जग्गा वर्षमा ३ बाली पाक्ने खेत किनेर अहिले आर्थिक अवस्था पनि राम्रो भएको बताउँछन् । पहिलेको त्यो संकटकालका दिनहरुमा न भोक न तिर्खा खानुको टुङ्गो नभएको, जङ्लमा बास बस्नु परेको सम्झन्छन् । अहिले आएर ढुक्क भएर आफ्नै घरमा बस्न पाएकोमा गर्व गर्छन् । साथै उनी अहिले अर्कालाई जग्गा अधियामा दिन सक्ने भएको कुरा समेत बताउँछन् । यसबाट अध्ययन क्षेत्रका अन्य व्यक्तिहरु पनि वैदेशिक रोजगार प्रति आकर्षित भएको देखिन्छ । त्यसपछि खाडी मुलुक साउदी, मलेसिया, कतार, दुबई वैदेशिक रोजगारका लागि गन्तव्य स्थान हुन थालेको बुझिन्छ । अध्ययन क्षेत्रबाट यही राजनैतिक अस्थीरता सृजना गरेको सामाजिक असहजताले गर्दा २०५५-२०६३ सम्ममा थुप्रै जनसंख्या वैदेशिक रोजगारका लागि बाहिर गएको देखिन्छ । शुरुमा यी देशहरुमा जानको लागि १ लाख देखी १ लाख ४० हजार सम्म लागत लगाएर युवाहरु दलाल मार्फत विदेश पुगे भने अहिलेको समयमा भने खाडी मुलुक मात्र नभएर जापान, कोरिया, यु.एस.ए., हङकङ, बेल्जियम, अष्ट्रेलिया र इज्राइल समेत जानेको संख्या बढेको छ ।

## ५.२. वैदेशिक रोजगारमा संलग्न हुनका कारणहरु

आफ्नो देशमा कलकारखाना, उद्योग संचालन नहुनु, कृषि प्रणालीमा परिवर्तन नहुनु अथवा कृषि कार्यमा अनुकूल वातावरण नहुनु, देशभित्र राजनैतिक अस्थीरता यी सबै समस्याका कारण बेरोजगारी झाँगीएको हो । रोजगार आफ्नो मुलुकमा नपाएपछि विदेशी भूमी तिर लम्कनु स्वभाविकै हो । नेपालीहरु वैदेशिक रोजगारमा जाने कामदारहरुमा अदक्ष कामदार मात्र हैन की अर्धदक्षको संख्या पनि बढी रहेको छ भने दक्ष कामदार चाँही कमै जाने गरेको छन् । सामान्यतया नेपाली कामदारहरु स्वदेशमा रोजगारी दिलाउन नसक्नाले वैदेशिक रोजगार अंगाल्न पुगेको हो । हाल विदेश जानेको संख्या तिब्र गतिमा वृद्धि भइरहेको छ । पहिले विदेश जाने युवाजनहरु गरिबी तथा देशमा अशान्ती छाउनाले विदेश जाने गरेको पाइन्थ्यो भने अहिले मुख्य रुपमा बेरोजगारीपना अगाडी देखिएको छ । जनसंख्या तिब्र गतिमा वृद्धि हुने, देशमा भने रोजगारीको समस्या उत्पन्न पनि तिब्र रुपमा नै भइरहेको छ तर कतिपय विदेश पलायन हुनेहरुमा उच्च वर्गका सदस्यहरु उच्च शिक्षाका लागि गएका छन् साथसाथै सीप र केही नगद कमाइने हुनाले आजकल अष्ट्रेलिया, जापान जाने निकै लहर छाएको देखिन्छ ।

गाउँमा पृष्ट आर्थिक अवस्था भएका तथा निम्न र मध्यम वर्गका मानिसहरु वैदेशीक रोजगारीमा सामेल भएको पाइन्छ । धेरैजसो नेपाली युवाजनशक्ति विदेश पलायन हुनाको कारण आर्थिक अर्थात गरिबी र बेरोजगार नै हो । हाम्रो देशमा यस्ता भोक, रोग, शोक, बेरोजगार, अशिक्षा, अस्वस्थता लगायतका थुप्रै समस्या अझै त्यसै रहेका छन् । आधारभूत आवश्यकता पूरा गर्न नसक्ने व्यक्ति तथा परिवारहरु कैयौ संख्यामा छन् । त्यसैले पारिवारिक जिम्मेवारी र उत्तरदायित्वको कारण पनि मानिसहरु विदेश पलायन हुने गरेको हो । आफ्नो मुलुकमा रोजगारीको संभावना न्यून रहेको अवस्था र उनीहरुको जीवनस्तर पनि न्यून भएकोले नै रोजगारीको खोजीमा जाने गरेको पाइन्छ ।

सामान्यतया व्यक्ति आफ्नो जीवनस्तर सुधार गर्न र परिवारको खुशी ल्याउन तथा आर्थिक अवसर प्राप्तीको लागि नै वैदेशिक रोजगारीमा संलग्न हुने गर्दछ । वैदेशिक रोजगारीलाई कसरी मूल्याङ्कन गरेका छन् वा यसलाई कस्तो रुपमा हेरेका छन् भन्ने सम्बन्धमा यसलाई तालिका बनाई विश्लेषण गरिएको छ ।

### तालिका नं.१२

### वैदेशिक रोजगारमा जाने प्रमुख कारणहरु

| क्र.सं. | कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कमजोर आर्थिक अवस्था | १६ | २९.०९ |
| २. | बेरोजगारी | २४ | ४३.६३ |
| ३. | राजनीतिक अस्थिरता | १० | १८.१८ |
| ४. | व्यक्तिगत चाहना | ५ | ९.०९ |
| | जम्मा | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं. १२ अनुसार विभिन्न कारणले अध्ययन क्षेत्रका मानिसहरु वैदेशिक रोजगारमा गएका छन् ति कारणहरु मध्ये सबैभन्दा बढी २४ जना बेरोजगारी भएर गएका रहेछन् भने सबैभन्दा कम व्यक्तिगत चाहना भएर जम्मा ५ जना वैदेशिक रोजगारमा गएका रहेछन् । विदेश जाने प्रमुख कारणमा बेरोजगारीको कारणले अध्ययन क्षेत्रमा मात्र हैन की हाम्रो देश नेपालमा नै यो समस्या रहेको छ । राजनितिक अस्थिरता भएर १० जना गएछन् ति मध्ये जापान र कोरिया जाने ५ जना रहेछन् भने अरु आर्थिक अवस्था अलि राम्रो हुनेहरु वदेश गएछन् त्यसतै आर्थिक अवस्था कम्जोर भएर १६ जना वैदेशिक रोजगारमा गएका रहेछन् । नेपालको बढ्दो जनसंख्यालाई यहाँको रोजगारको अवसरले थेग्न सकेको छैन । देशको सक्रिय जनशक्तिले आफ्नो सिप, पसिना, श्रम, आफ्नो देशमा लगानी गर्न सकेको छैन । मुख्यतया हाम्रो देशमा औधोगिक क्षेत्र फस्टाउन नसकेकोले पनि हो । विभिन्न देशमा नेपालीहरु लाखौं लाख खर्च गरेर गएका छन् । देशमा रोजगारको अवसर नभएपछि स्वतः आर्थिक अवस्थामा प्रभाव पार्ने हुन्छ । कुनै पनि देश विकास हुनु छ भने प्रथमत त्यहाँको आर्थिक अवस्था सबल हुनु जरुरी छ त्यसपछि मात्र अन्य पक्षहरु पूर्ण हुनु पर्दछ । मानिसहरुको ठूलठूला इच्छा आकांक्षा र चाहनाहरु हुन्छन् त्यो पूरा गर्न सर्वप्रथम अर्थ बलियो हुनु पर्छ कसैलाई सामाजिक सेवा गर्नु छ कसैलाई राजनीति गर्नु छ भने यी सब चाहना पूरा गर्न आर्थिक पक्ष बलियो हुनुपर्छ । अझै पनि नेपाली जनता २०६८ को जनगणना अनुसार २४.९ प्रतिशत गरिबीको रेखामुनी बस्न बाध्य छन् तर एक दशक अघिको गणनाको तुलनामा यो प्रतिशत करिब आधा जति घटेको हो । अझैपनि नेपालमा आधारभूत आवश्यकता पूरा गर्न नसक्ने घरपरिवारहरु धेरै छन् त्यसैले वैदेशिक रोजगारमा जानुको ठूलो कारण कमजोर आर्थिक कारण पनि

हो र अर्को राजनीतिक स्थिरताको अभावले पनि बेरोजगारी समस्या उत्पादन भएको हो । यहाँ एक दशक भन्दा अघि बाट देशको राजनीतिक अस्थिरताले देशमा जति मात्रामा औधोगिक क्षेत्रहरु स्थापित हुनु पर्ने हो त्यती मात्रामा हुन सकेको छैन । स्कूल, कलेज, विश्वविद्याल जस्तो विद्याको मन्दिरमा राजनीति गर्ने थलो भएको छ । यसबाट सरासर गुणस्तरिय शिक्षामा हानी पुगेको छ । बन्द, हडताल, आन्दोलन विभिन्न नारा, जुलुसका कारण विद्यालयका अध्ययन अध्यापनमा बाधा पुगी निरन्तर रुपमा कक्षा संचालन हुन सकेको छैन । फलस्वरुप व्यक्ति शिक्षालाई प्राथमिकता दिनुको सट्टा वैदेशिक रोजगारलाई अंगाल्न पुगेको छ ।

## ५.३ उत्पादनको अवस्था

उत्पादनको अवस्थाले कुनै पनि समुदायको वास्तविक अवस्थालाई परिचालन गर्न निर्धारण गर्ने हुनाले उक्त समुदायमा उत्पादनको अवस्था सबल छ भने त्यो व्यक्ति वा समाजले आफ्नो उत्पादनले खान पुगेर अर्काको साहारा लिनु पर्दैन । यसको सम्बन्ध वैदेशिक रोजगारीसँग पनि जोडिएको छ । वैदेशिक रोजगारीमा संलग्न व्यक्ति तथा परिवारको आफ्नै उत्पादनले कति समय खान पुग्छ भन्ने सम्बन्धमा तालिका द्वारा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३**

**वैदेशिक रोजगारमा संलग्नहरुको आफ्नै जग्गाको उत्पादनले वर्ष दिनमा खान पुग्ने समयको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना पुग्ने | ३ | ५.४५ |
| ६ महिना पुग्ने | २४ | ४३.६३ |
| ९ महिना पुग्ने | १८ | ३२.६२ |
| १२ महिना पुग्ने | १० | १८.१८ |
| जम्मा | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं.१३ अनुसार आफ्नो उत्पादनले ६ महिना मात्र खान पुगेको संख्या बढी देखियो । यसको मतलब उनीहरुको स्रोत र साधनमा पहुँच कम हुनु, परम्परागत कृषिप्रणाली अपनाईनु, पशुपालन गर्नु, जग्गालाई उपयुक्त लगानी नगर्नु, उब्जाउ नभएकाले बाँझो छोड्नु, आकाशे पानीको भर पर्नु इत्यादि कारणले उत्पादनमा ह्रास आएको देखिन्छ । यसरी धेरै घर परिवारको आफ्नो उत्पादनले बर्ष भरि खान नपुग्ने भएको हुनाले अध्ययन क्षेत्रका युवाहरु वैदेशिक रोजगारमा संलग्न भएको देखिन्छ ।

वर्ष ३१ का सामान्य तामाङ्ग परिवारमा जन्मेका एक युवक एस.एल.सी.पछि स्थानिय स्तरको विद्यालयमा शिक्षक पेशा अँगालेका थिए । उनको त्यही विद्यालयमा पढ्ने आफ्नै विद्यार्थी केटीसँग प्रेम विवाह भएको कारण परिवार तथा समाजबाट अस्वीकार गरेकाले विदेश जाने चाहना बढेको कुरा बताउँछन् । उनीसँग भएको जग्गा जमिनबाट आएको आयवस्थाले वर्ष भरि खान नपुग्ने अरु साथीभाई तथा छरछिमेकीहरु जस्तै आफ्नै आर्थिक अवस्था सुधार्न उनी पनि वैदेशीक रोजगारीको लागि गएको कुरा बताउँछ यसरी केन्द्रिय मेन पावरबाट निर्दिष्ट कामका लागि गएको, त्यही काम कम्पनीमा भेटिएकोले आफ्नो कर्तव्य पूरा गर्दै ४ बर्षसम्म बिताएको कुरा बताउँछन् । यसरी ४ वर्ष सम्मको तलबले ऋण तिरी घरखेती किनेर बाँकी पैसा लिएर नेपाल फर्किएको कुरा बताउँछन् । त्यो बेला गाउँमा एउटा पनि राइस मिल नभएकाले धान पिस्नका लागि अर्को गाउँसम्म जानुपर्ने समस्या थियो । उनले आफ्नो बचेको पैसाले गाउँमै राइस मिल संचालन गरी आफु र आफ्नो परिवारको जीविका सहज रुपले निर्वाह भएको कुरा बताउँछन् । अब विदेश जाने कुनै विचार नभएको भन्दै विदेश जानुको कारण गरिबी र बेरोजगार भएको कुरा बताउँछन् । उनको विदेश जानु अगाडी घर परिवारको सामाजिक र आर्थिक अवस्था सबल भएको भए नजाने थिए भन्ने कुरा बताउँछन् आगामी दिनमा जे जति हुन्छ त्यही संचालन गरी आफ्नो परिवारसँग रमाउँदै बस्ने बताउँछन् किनकी आज उनी आफ्नो परिवार, इष्टमित्र अगाडी आफ्नै मातृभूमीमा रमाएको देख्न सकिन्छ । अहिले उनलाई परिवार तथा समाजले हेर्ने दृष्टिमा फरक आएको कुरा बताउँछन् ।

यस अध्ययनबाट के बुझ्न सकिन्छ भने कुनै पनि व्यक्ति विदेश जाने चाहना नहुँदा नहुँदै पनि आफ्नो घर परिवारबाट बिछोड हुनुपर्ने र त्यस्तै गरी अर्न्तजातिय विवाहले (सामाजिक कारण) पनि वैदेशिक रोजगारीमा संलग्न भएको यस अध्ययनबाट थाहा पाउन सकिन्छ । तुलनात्मक रुपमा गरिबी तथा बेरोजगारीको कारणले मान्छे वैदेशीक रोजगामा संलग्न भएको देखिन्छ । यसका साथै

वैदेशिक रोजगारमा आकर्षण हुने कारण बेरोजगार मात्र नभएर साथीभाइले कमाएर ल्याएको देखेर र आफ्नो देशमा भन्दा विदेशमा धेरै कमाइ हुन्छ भनेर पनि गएको देखिन्छ । त्यस्तै जीवनमा छोरा मान्छे भएर एक पटक भए पनि सुख र दुःख भोग्नु पर्छ भनेर पनि जाने गरेको पाइन्छ ।

# अध्याय– ६

# वैदेशिक रोजगारी र आर्थिक सामाजिक सम्बन्ध

यस अध्ययनमा वैदेशिक रोजगारी र आर्थिक, सामाजिक सम्बन्धका बारेमा चर्चा गर्नका लागी विभिन्न शिर्षकका प्रस्तुत तालिकाहरुबाट र वैदेशिक रोजगारीमा संलग्न व्यक्तिका व्यक्तिगत भोगाइका कुराहरु प्रश्नावली, अर्न्तवार्ता, वैयक्तिक अध्ययन विधिबाट पुष्टी पार्ने कोशिष गरिएको छ ।

## ६.१. वैदेशिक रोजगारमा संलग्न हुनेहरुको सामाजिक अवस्था

समाजमा व्यक्ति तथा परिवारको आ-आफ्नो भूमिका रहने भएकोले उमेर, लिङ्ग, जात, शिक्षा आदि पक्षले त्यसको निर्धारण गरेको हुन्छ । यस वैदेशिक रोजगारीमा संलग्नहरुको सामाजीक अवस्थाहरुको बारेमा जानकारी दिन विभिन्न उपशिर्षकमा तालिका बनाई विश्लेषण गरिएको छ ।

### ६.१.१. लिङ्ग

समाजमा सामाजिक सांस्कृतिक व्यवस्थाबाट लिङ्ग निर्धारण गरिएको हुन्छ । महिला र पुरुष बिच रहेको सामाजिक तथा सांस्कृतिक विविधतालाई हामी लिङ्ग भन्दछौं । समाजले नै महिला र पुरुषलाई के गर्ने र के नगर्ने भन्ने बारे पद र भूमिका निर्धारण गरिएको हुन्छ । हाम्रो समाजमा अझै पनि महिलाले बाहिरको काम गर्न हुँदैन भन्ने जस्ता मान्यताले चटक्कै छाड्न सकेको छैन । यसै सन्दर्भमा यस अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा के कति मात्रामा महिला तथा पुरुषहरुको सहभागिता छ भनेर बुझ्नको लागि तालिका नं.१९ मा वैदेशिक रोजगारीमा संलग्नहरुको लिङ्गगत विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं.१४**

**वैदेशिक रोजगारमा संलग्न व्यात्तिको लिङ्गगत विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुरुष | ५३ | ९६.३६ |
| २. | महिला | २ | ३.६३ |
| | **जम्मा** | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

यो तालिकाले के देखाएको छ भने अध्ययन क्षेत्रमा जम्मा ५५ जना वैदेशिक रोजगारमा संलग्न मध्ये महिलाको संख्या मात्र २ जना रहेको देखायो र पुरुषको ५३ । यहाँ महिलाको संख्या एकदमै न्यून रहेको देखियो । हाम्रो समाज अझै पनि पितृसत्ताबाट मुक्त नभइसकेको अवस्थामा महिला र पुरुषलाई हेर्ने दृष्टिकोण एउटै छैन । आजको युगमा नारी र पुरुष समानताका लागी विभिन्न कार्यक्रम सञ्चालन तथा नारी पुरुष समान हो भन्नै जति नै नारा लाए पनि व्यवहारिक रुपमा भेदभाव रहेको देखिन्छ । समाजको मूल्य, मान्यता र परम्पराले महिलालाई पुरुष सरह स्वतन्त्र हाम्रो देश समाजमा हुन दिएको छैन तर मेरो अध्ययन क्षेत्रमा एक महिलाले आफु वदेश गएपछि पारिवारिक विखण्डन जस्ता समस्या भोग्नु परे पनि समाजमा उनिलाई एकदम राम्रो नजरले हेरिएको छ ति दुईजना महिलाहरु विदेश गएर कमाएर आएपछि अरु गाँउका महिलाहरुले पनि वैदेशिक रोजगारप्रति उनिहरुको धारणा राम्रो भएको बताउछन् ।

## ६.२ वैदेशीक रोजगारीमा संलग्नहरुको आर्थिक विवरण

मानव समाजमा आर्थिक अवस्था र रोजगारको निकट सम्बन्ध रहेको हुन्छ । वैदेशिक रोजगारमा जाने व्यक्ति तथा परिवारमा वैदेशिक रोजगारको प्रभावबारे थाहा पाउन उनिहरुको आर्थिक पक्षलाई हेर्नुपर्ने भएकोले वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारमा के-कस्ता परिवर्तनहरु आएका छन् भनेर आर्थिक पक्षलाई खोज तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । यसमा वैदेशिक रोजगारमा संलग्न व्याक्ति तथा घरपरिवारमा सोधिएको प्रश्नबाट निम्न तथ्याङ्कहरु आए ।

## ६.१ पूर्व पेशा

पूर्व पेशा भन्नाले हालको पेशा भन्दा अगाडी अपनाएको पेशा भन्ने बुझिन्छ । पेशा व्यक्ति तथा पारिवारिक जीविकासँग सम्बन्धित हुन्छ । पेशाको प्रत्यक्ष सम्बन्ध अर्थसँग हुने भएकाले यहाँ वैदेशिक रोजगारसँग जोडिएको छ । यस सन्दर्भमा तालिका नं.२१ म वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको संलग्न हुनु भन्दा अघिको पेशालाई प्रस्तुत गरिएको छ ।

## तालिका नं.१५

## वैदेशिक रोजगारमा संलग्न व्यक्तिको पूर्व पेशाको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३३ | ६० |
| व्यापार | ९ | १६.३६ |
| मजदुरी | ५ | ९.०९ |
| नोकरी | ५ | ९.०९ |
| अन्य | ३ | ५.४५ |
| **जम्मा** | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका अनुसार वैदेशिक रोजगारमा गएका जम्मा ५५ संख्या मध्ये पूर्व पेशा अंगाल्नेहरुमा कृषिमा बढी संख्या देखियो । यसको मतबल नेपाल कृषि प्रधान देश भएकोले गाउँघर तिर त कृषि पेशालाई नअंगाल्नेहरु कमै मात्रामा हुन्छन् । हाम्रो देशको मुख्य पेशा नै कृषि हो तर पछिल्लो समयमा आएर कृषि पेशाबाट पनि मानिसहरु असन्तुष्ट भएको देखिन्छ किनकि समयमा पानी नपर्नु, ज्याला मजदुरी गर्नेहरुको ज्याला वृद्धि हुनु, कृषिमा पुरानो प्रणाली अपनाइनु विभिन्न किरा, फट्याङग्राहरु लाग्नु, जमीनको सही रुपमा सदुपयोग गर्न नसक्नु इत्यादि कारणवश कृषि पेशाले यहाँको जनसंख्यालाई थेग्न नसकेको अवस्था छ । त्यसैले यहाँका युवाजनहरु वैदेशीक रोजगारमा जान पुगेका हुन् अध्ययन् क्षेत्रमा वैदेशिक रोजगारमा विषेश गरि पुरुषहरु गएकाले महिलाहरु बढि खेति कार्यमा संलग्न रहेको बताउँछन् । त्यस्तै गरी व्यापार मजदुरी, नोकरी जस्ता पेशाबाट पनि अर्धबेरोजगारीको अवस्थामा रहनु पर्ने तथा आफ्नो पारिश्रमीकले परिवारको आधारभूत आवश्यक्ता पूरा गर्न नसक्ने अवस्था सृजना भएकोले वैदेशिक रोजगारमा संलग्न भएको कुरा बताउछन् ।


यसरी कृषिबाट घर खर्च नपुग्ने, मजदुरीले सधैं जिविका नचल्ने, नोकरीबाट र व्यापारबाट सन्तुष्ट नहुने भएकाले आफ्नो भविष्य उज्वल बनाउने हेतुले वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु आफू र आफ्नो परिवारको जीवनस्तरलाई केही हदसम्म माथी उठाउने उद्देश्यले वैदेशिक रोजगारमा संलग्न भएको कुरा बुझिन्छ ।

## ६.२ हालको पेशा

हालको पेशा भन्नाले व्यक्तिले आफ्नो जीवन धान्नको लागी अहिले अपनाएको पेशा भन्ने बुझिन्छ । यहाँ हालको पेशा भन्नाले वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुले विदेशबाट फर्किएपछि हाल के कस्ता पेशा अपनाएका छन् भन्ने हो यसलाई तालिकामा नै हेरौं ।

बार चार्ट नं १

**वैदेशिक रोजगारीबाट फर्किएपछिको पेशाको विवरण:**




स्रोत: स्थलगत सर्वेक्षण, २०७१

माथिको चार्टमा हेर्दा वैदेशिक रोजगारबाट फर्केर आइसकेपछि धेरैजसो सहभागीहरुले व्यापार गरेको भेटियो । विदेशमा ३/४ वर्ष बसेर फर्कदा फेरी खेतबारीको त्यही काम गर्ने बानी पनि हराएको भन्ने जस्ता कुरा गरे र स्थानिय स्तरमा कुनै पनि व्यवसाय गर्न लगानी गर्न सकेमा र स्थानीय स्तरमै रोजगारको अवसर पाए वैदेशिक रोजगारमा नजाने कुरा समेत बताए भने कतिपयले चाँही विदेशबाट आएपछि कुनै व्यवसाय नगरी बसेको अथवा पूरानै कृषि पेशालाई स्थायित्व दिएको पाइयो । त्यस्तै गरी एक जना सहभागीले विदेशबाट फर्केपछि गाउँमै राइसमिल सञ्चालन गरी आफ्नो जीवनयापन राम्रोसँग सञ्चालन भएको कुरा बताए अब पुन: वैदेशीक रोजगारमा नजाने अडान गरेको पनि बताए ।

यसरी वैदेशिक रोजगारीमा संलग्न हुनुभन्दा पहिले र फर्केर आएपछि उनीहरुको पेशामा तुलनात्मक रुपमा फरक पाइयो । हिजोको दिनमा मजदुरी गरी खानेले किसानी भएको र हिजो कृषि गर्नेहरु आज व्यापार/विजनेश तिर लागेको, हिजो परम्परागत कृषि प्रणाली अपनाउनेले आज आधुनिक कृषि प्रणालीतिर लागेर हरेक किसीमका बिउ, मल तथा आधुनिक प्रविधिको प्रयोग गरी कृषि पेशा अवलम्बन गरेको देखिन्छ । यसबाट के देखिन्छ भने वैदेशिक रोजगारीले सम्बन्धित व्यक्तिहरुको पेशा, आर्थिक अवस्था र जिवनयापन गर्ने प्रकियामा फरक आएको छ । समाजमा उनीहरुको एक खालको पारस्पारिकताको भावना जागेको पनि देखिन्छ । त्यसलाई हामी वैदेशिक रोजगारले मानविय सम्बन्धमा पारेको आर्थिक र सामाजिक प्रभाव भन्ने बुझ्दछौं ।

## ६.३ आम्दानी तथा खर्च

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरुको आर्थिक विवरण विश्लेषण गर्दा उनीहरुको आम्दानी, खर्चको विवरणलाई पनि छुटाउनु हुन्न । बेरोजगारहरुको आय नहुने, रोजगारहरुको खर्च नपुग्ने तथा बचत नहुने जस्ता समस्याहरुले आर्थिक अवस्थामा सुधार ल्याउन कठिन पारिरहेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न हुनु पूर्व सहभागीहरुको आम्दानी खर्च विवरण र वैदेशिक रोजगारीले आम्दानीमा पारेको प्रभावका बारेमा अध्ययन गरेर सहभागीहरुको आर्थिक स्थितिका बारेमा तल तालिका नं.२३ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१६**

**वैदेशिक रोजगारीमा संलग्न व्याक्तिकोआम्दानी तथा खर्चको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आय (आर्थिक) थिएन | १३ | २३.६३ |
| आयले खर्च पुग्दैनथ्यो | २६ | ४७.२७ |
| आम्दानी खर्च बराबर हुन्थ्यो | ९ | १६.३६ |
| केही बचत हुन्थ्यो | ७ | १२.७२ |
| जम्मा | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका अनुसार आम्दानी भएता पनि आम्दानीले खर्च नपुग्ने हुनाले मानिसहरु वैदेशिक रोजगारमा गएको देखिन्छ त्यस्तै आम्दानी नहुनेहरु र आम्दानी भएकाहरु पनि बचन राख्न नपुग्ने थोरै आम्दानीले घर खर्च धान्न र गाउँघरतिर अहिले विभिन्न बचत समूहहरु रहेका छन् र ति समूहमा बचत गर्न आफ्नो आम्दानीले नभ्याउने हुनाले मानिसहरु वैदेशिक रोजगारमा गएको देखिन्छ । त्यस्तै आफ्नो छोराछोरीलाई विद्यालय पठाउनु पर्‍यो, आजको आधुनिक युगमा विभिन्न महंगो सामानहरु आएका छन् । लाउने कपडा देखी लिएर विभिन्न उपभोग्य सरसामानहरु महंगो मूल्यमा आएका छन्, धनि मानिसहरुकोमा टि.भी., ल्यापटप, क्यामेरा आदि जस्ता मेसीनरी वस्तुहरु देखेर पनि ति वस्तुहरु आफूले उपभोग गर्न सक्ने आर्थिक अवस्था नभएकोले वैदेशिक रोजगारमा सामेल भएको पनि बताए भने अहिले आएर उनिहरुमा पारिवारिक तथा व्यक्तिगत जिवनमा केही सुधार आएको अनुभव परिवारका सदस्य तथा व्यक्तिहरुको देखिन्छ । यसलाई तालिकामा देखाइएको छ ।

**तालिका नं १७**

**वैदेशिक रोजगारीमा सम्लग्न पछिको आम्दानीमा पारेको प्रभाव**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आम्दानी बढ्यो | ४३ | ७८.१८ |
| २. | आम्दानी उस्तै भयो | १२ | २१.८१ |
| | जम्मा | ५५ | १००.०० |

स्रोपतः स्थलगत सर्वेक्षण, २०७१

तालिका अनुसार वैदेशिक रोजगारमा गएपछि वहुसङ्ख्यक कामदारहरुको आम्दानी बढेको पाइयो । त्यो उनीहरुको आर्थिक अवस्थासँग जोडिएको छ । आम्दानी बढ्नुमा सहभागी कामदाहरुको सिप, गएको देश, समय, कम्पनी राम्रो, सेलरी राम्रो घरमा पठाएको रुपयाँ परिचालन गर्ने व्यक्ति सही भएको कारणहरु पाइयो भने आम्दानी उस्तै हुनेहरुको चाँही कम्पनी नराम्रो भएकोले, कम समयमै फर्केकोले, विदेश जाँदा लागेको ऋणको चर्को व्याजले, दलालले फसाएको, सेलरी कम भएको आदि कारणवस वैदेशिक रोजगारमा संलग्न भएपनि आम्दानीमा पहिलेभैं (उस्तै) रहेको पाइयो । यसरी अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्नहरुको वैदेशिक रोजगार प्रति सकरात्मक धारणा रहेको अध्ययन क्षेत्रको अवलोकन र सहभागीहरुको विचार विमर्सबाट पाइयो ।

## ६.३ वैदेशिक राजगारमा संलग्न पछिको आर्थिक प्रभाव

वैदेशिक रोजगारमा संलग्न सहभागिहरुको आवश्यत्ताको प्राथमिकताको आधारमा घर बनाउने, जग्गा किन्ने, पारिवाकि ऋण तिर्ने कार्यबाट केहि हद सम्म भएपनि आर्थिक अवस्थामा सुधार आउको छ भने केहि सहभागिहरुले ऋण तिर्नुका साथै अन्य व्याभार जस्तैः शिक्षा, व्यापार-व्यावसायमा पैसा लगानि गरेको बताए । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारको सम्बन्धले सहभागिहरुको आर्थिक सिथितिमा सकरात्मक प्रभाव पारेको देखिन्छ यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको आर्थिक परिवर्तन सम्बन्धि विवरणलाई तद प्रस्तुत गरिएको छ

तालिका न. १८

वैदेशिक रोजगारमा पारेको आर्थीक प्रभाव

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| धेरै सुधार आएको छ | ११ | २० |
| ठिकै सुधार आएको छ | ४३ | ७८.१८ |
| सुधार आएको छैन | १ | १.१८ |
| जम्मा | ५५ | १०० |

स्रोत स्थलगत सर्वेक्षण २०७१

तलिका न.१८ अनुसार वैदेशिक रोजगारमा संलग्नहरुको आर्थीक स्थितिमा पारेको प्रभाव हेर्न खोजिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न ५५ घरधुरी मध्ये वैदेशिक रोजगारमा संलग्न पश्चात सवैभन्दा वढि संख्यामा ठिकै सुधार आएको छ भन्नेहरु ४३ घरधुरी रहेका छन् । यस्तै धेरै सुधार आएको छ, भन्नेहरु ११ घरधुरी रहेका छन् भने वैदेशिक रोजगारबाट फर्कीएपछि पनि सुधार आएको छैन भन्ने सबभन्दा कम वा १ घरघुरी मात्र रहेको पाइयो । यो तथ्याङ्क अनुसार वहुसंख्याक आर्थीक अवस्थामा वैदृशिक रोजगारले सकरात्मक प्रभाव पारेको छ । वैदेशिक रोजगारको यस्तो परिणमबाट अध्ययन क्षेत्रका युवाहरु वैदेशिक रोजगार प्रति वढि आकर्षित भएको देखिन्छ । अध्ययन क्षेत्रका एक वैदेशिक रोजगारमा संलग्न व्याक्तिको एक अध्ययनलाई हेरौ ।

वर्ष ३१ का सामान्य तामाङ्ग परिवारमा जन्मेका एक युवक एस.एल.सी.पछि स्थानिय स्तरको विद्यालयमा शिक्षक पेशा अँगालेका थिए । उनको त्यही विद्यालयमा पढ्ने आफ्नै विद्यार्थी केटीसँग प्रेम विवाह भएको कारण परिवार तथा समाजबाट अस्वीकार गरेकाले विदेश जाने चाहना बढेको कुरा बताउँछन् । उनीसँग भएको जग्गा जमिनबाट आएको आयवस्थाले वर्ष भरि खान नपुग्ने अरु साथीभाई तथा छरछिमेकीहरु जस्तै आफ्नै आर्थिक अवस्था सुधार्न उनी पनि वैदेशीक रोजगारीको लागि गएको कुरा बताउँछ यसरी केन्द्रिय मेन पावरबाट निर्दिष्ट कामका लागि गएको, त्यही काम कम्पनीमा भेटिएकोले आफ्नो कर्तव्य पूरा गर्दै ४ बषसम्म बिताएको कुरा बताउँछन् । यसरी ४ वर्ष सम्मको तलबले ऋृण तिरी घरखेती किनेर बाँकी पैसा लिएर नेपाल फर्किएको कुरा बताउँछन् । त्यो बेला गाउँमा एउटा पनि राइस मिल नभएकाले धान पिस्नका लागि अर्को गाउँसम्म जानुपर्ने समस्या थियो । उनले आफ्नो बचेको पैसाले गाउँमै राइस मिल संचालन गरी आफु र आफ्नो परिवारको जीविका सहज रुपले निर्वाह भएको कुरा बताउँछन् । अब विदेश जाने कुनै विचार नभएको भन्दै विदेश जानुको कारण गरिबी र बेरोजगार भएको कुरा बताउँछन् । उनको विदेश जानु अगाडी घर परिवारको सामाजिक र आर्थिक अवस्था सबल भएको भए नजाने थिए भन्ने कुरा बताउँछन् आगामी दिनमा जे जति हुन्छ त्यही संचालन गरी आफ्नो परिवारसँग रमाउँदै बस्ने बताउँछन् किनकी आज उनी आफ्नो परिवार, इष्टमित्र अगाडी आफ्नै मातृभूमीमा रमाएको देख्न सकिन्छ । अहिले उनलाई परिवार तथा समाजले हेर्ने दृष्टिमा फरक आएको कुरा बताउँछन् ।

यस अध्ययनबाट के बुझ्न सकिन्छ भने कुनै पनि व्यक्ति विदेश जाने चाहना नहुँदा नहुँदै पनि आफ्नो घर परिवारबाट बिछोड हुनुपर्ने र त्यस्तै गरी अर्न्तजातिय विवाहले (सामाजिक कारण) पनि वैदेशिक रोजगारीमा संलग्न भएको यस अध्ययनबाट थाहा पाउन सकिन्छ । अध्ययन क्षेत्रका वेदेशिक रोजगारमा संलग्नहरुको आर्थिकरुपमा राम्रो प्रभाव परेको देखिन्छ ।

## ६.३.१ विप्रेषण

अनुसार विदेशमा एक वर्ष भन्दा बढी अवधि देखि काम गरिरहेको व्यक्तिले पठाउने रकमलाई विप्रेषण भनिन्छ । वैदेशिक रोजगारबाट पठाएको रकम घरपरिवारमा के कामको लागि प्रयोग भयो भनेर उत्तरदातासँग गरिएको छलफलका क्रममा यस्तो कुरा बताए । यसलाई तालिकामा हेरौं ।

## तालिका नं.१९

## विप्रेषणको प्रयोगको विवरण

| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ऋण तिरेर घर खर्च | २७ | ४७.२७ |
| २. | घर बनाए | ७ | १२.७२ |
| ३. | जग्गा किने | १५ | २७.२७ |
| ४. | बैङ्क बचत | ६ | १०.१० |
|  | जम्मा | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं.१९ अनुसार वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु मध्ये ऋण तिरेर घर खर्च गर्नेहरुको बाहुल्यता देखियो जुन ४७.२७ प्रतिशतमा रहरेको छ । प्राय आम्दानी कम हुने वा ऋण काडेर विदेश जानुपर्ने स्थितिका मान्छेहरु हुन्छन् र उनिहरु प्रथमत आफ्नो ऋण चुक्ता गरी घर खर्चलाई सम्हाल्ने गरेको देखिन्छ । यो आधाभूत आवश्यकता भित्र पर्ने गर्छ । त्यसपछि आफ्नो लागी जग्गा किन्नेहरुको संख्या बढी भएको देखियो । अध्ययन क्षेत्रका सहभागीहरु २७.२७ प्रतिशतले विदेश गएपछि जग्गा किनेछन् भने कतिपयले आफ्नो झुपडीको साटोमा राम्रो घर बनाए । जस्को सानो घर छ अथवा संयुक्त परिवारमा नै बसीरहेकाले विदेश गएपछि घर बनाएर आफ्नो श्रीमती छोराछोरीलाई छुट्याएर भिन्दै बसेको देखियो भने १०.९० प्रतिशत सहभागीले आफ्नो आवश्यकता पूरा गरी बैङ्क ब्यालेन्स पनि गरेको देखियो । यी सब वैदेशिक रोजगारको नतिजा हो भन्न सकिन्छ । यसरी वैदेशिक रोजगारबाट एकैचोटी सामाजिक र आर्थिक रुपमा ठूलो परिवर्तन नगरेता पनि विस्तारै-विस्तारै पहिलेको अवस्था भन्दा अहिलेको अवस्थामा धेरै सुधार भएको छ र कतिपयहरुमा लामो समय सम्मको लागि बैङ्क ब्यालेन्स गर्न नसकेता पनि तत्कालिन समयमा भने परिवर्तन भएको छ त्यस्तै पैसाको अभावलाई केही समय टाढा भगाउने गरेको स्थिती पनि देखियो ।

## ६.४ वैदेशिक रोजगारमा संलग्नहरुको सामाजिक प्रभाव

समाज आफैमा एउटा व्यवस्था हो । जसमा विभिन्न भौतिक तथा अभौतिक पक्षहरुको संलग्नता हुन्छ । समाज चल्ने नै सामाजिक व्यवस्थामा संलग्न विभिन्न एकाईहरुको पारस्पारिक अन्तरसम्बन्धले हो । यस शिर्षक अर्न्तगत वैदेशिक रोजगारीमा संलग्न व्यक्ति तथा परिवारको सामाजिक प्रभावका सम्बन्धमा यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**तालिका नं.२०**

**वैदेशिक रोजगारले संलग्न परिवारको सामाजिक सम्बन्धमा प्रभाव**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो सुधार भएको छ | २७ | ४७.२७ |
| २. | केही सुधार भएको छ | १९ | ३४.५४ |
| ३. | उस्तै छ | ९ | १६.३६ |
| | जम्मा | ५५ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथीको तालिका अनुसार धेरैजसो वैदेशिक रोजगारीले सामाजिक सम्बन्धमा राम्रो सुधार आएको छ । यस अर्न्तगत आर्थिक रुपमा बलियो भएपछि सामाजिक रुपमा पनि बलियो हुने वा सामाजिक अवस्थालाई अर्थतन्त्रसँग जोडेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा पहिले उनिहरुको परिवार, सामाजीक रुपमा वर्गीय रुपमा निम्न वर्गमा पर्दथ्यो तर वैदेशिक रोजगारमा होमिए पछि त्यहाँबाट आर्जित पैसाले उनीहरुको जीवनपद्धतिमा सुधार आएको बताए किनकि हिजोको दिनहरुका चाडपर्व मनाउने सम्म पैसा नहुँदा साहुकोमा हात थाप्न जानु पर्दथ्यो । तर अहिले आएर साहुकोमा माग्न नपरेको र हिजोको दिनमा आफ्नो हैसियतका छिमेकीहरु आफ्नामा सरसापट माग्न आएको पनि बताउँछन् । यसरी आफूले आर्थिक अवस्था राम्रो भएपछि समाजले हेर्ने दृष्टी पनि राम्रो देखिएको छ भन्छन् । यसका साथै पहिले आफूले अर्काको खेतबारी अधियाँ लिएर जिविका चलाउने गरेको र वैदेशिक रोजगारमा आफ्नो परिवारको सदस्य संलग्न भएपछि जग्गा जमीन किनेर अर्कालाई कमाउन दिएको कुरा पनि बताए ।

## ६.४.१ सिप

सामान्यतया सिप भन्नाले कुनै पनि व्यक्तिले काम गर्ने क्षमता भन्न सकिन्छ । व्यक्तिले के-के काम गर्न सक्षम छ भन्ने कुरा बुझ्न सकिने हुनाले वैदेशिक रोजगारीको सम्बन्ध सिपसँग धेरै नजिक रहेको हुन्छ । कतिपय मानिसहरु विदेश जानु अघि उपयुक्त तालिम लिएका हुन्छन् भने कतिपयले विदेशमै गएर विभिन्न काम सिक्छन् । यसै सन्दर्भमा सहभागीहरुले विदेशमा कुनै पनि सिप सिके वा सिकेनन् भन्ने बारेमा तालिका नं.२७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२१**

**विदेशबाट फर्केका व्याक्तिको विदेशमा सिकेको सिपको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सिप सिके | १२ | ६६.६६ |
| २. | सिप सिकेन | ६ | ३३.३३ |
| | जम्मा | १८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथीका तालिका अनुसार वैदेशिक रोजगारमा गएर फर्किएका १८ जना मध्ये १२ जनाले सिप सिकेर फर्केको र ६ जनाले सिप नसिकेको पाइन्छ । यसबाट वैदेशिक रोजगारमा गएका धेरैले सिप सिकेको देखिन्छ । विदेशमा भएको जस्तो मेसिन तथा सामान नेपालमा पनि भए नेपालमै त्यो पेशाले जीविका चलाउन सकिने कुरा बताउँछन् । जुन देशमा जुन कामको लागि जाने हो जानु अघि त्यहि कामको तालिम लिएको र तालिम नलिनेहरुले गएको देशमा धेरै समय बस्नेहरुले आफै सिकेर जानेको कुरा बताए । केही सिप सिकेन भन्ने सहभागीहरुले उनिहरु सामान्य कामदारको रुपमा जस्तैः हेल्परको रुपमा गएको हुनाले गर्दा सिपमूलक काममा संलग्न हुन नपाएको कुरा बताउँछन् । त्यस्तै सीप सिकेका व्यक्तिहरुले फेरी वैदेशिक रोजगारमा जानु पर्दा उक्त कामको लागि कुनै सिप, तालिम लिनु नपर्ने तथा धेरै राम्रोसँग काम गर्न सकिने कुरा समेत बताए ।

## ६.४.२ भाषा

भाषा भन्नाले संस्कृतिसँग सम्बन्धित हुनाले यो एउटा सञ्चारको माध्यम हो । यसै क्रममा वैदेशिक रोजगारमा संलग्न भएपछि सहभागीहरुले कुनै भाषा सिके वा सिकेनन् भन्ने कुरालाई तालिकामा नै हेरौँ ।

**तालिका नं.२२**

**विदेशमा सिकेको भाषाका सम्बन्धमा विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भाषा सिके | ९ | ५० |
| २. | भाषा सिकेनन् | ३ | १६.६६ |
| ३. | ऋलिअलि मात्र भाषा सिके | ६ | ३३.३३ |
| | जम्मा | १८ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

तालिका नं.२२ अनुसार वैदेशिक रोजगारमा गएर फर्किएका मध्ये बढीले सम्बन्धित देशको भाषा सिकेको पाइयो त्यो उनीहरुको सम्बन्धित क्षेत्रमा बसेको समय तथा सम्बन्धित व्यक्तिको शैक्षिक योग्यतामा निर्भर रहेको पाइयो । जस्तैः कुनै पनि व्यक्ति ६ वर्ष बसेको छ भने उसले स्वतःत्यो देशको भाषा सिकेको हुन्छ त्यस्तै संलग्न व्यक्तिको शैक्षिक योग्यता S.L.C., आइ.ए. वा सो सरह योग्यता भएकाहरुलाई भाषा सिक्न त्यति कठिनाई नहुने कुरा बुझ्न सकिन्छ त्यसैलेत्यही देश फेरी जानु परेमा भाषिक कठिनाई नपर्ने तथा बोल्न दुःख नहुने कुरा बताए । यसबाट के बुझ्न सकिन्छ भने वैदेशिक रोजगार अथवा बसाइसराईले संस्कृतिको प्रसार हुनु भन्दा पहिला सम्बन्धित देशको भाषा सिक्न जरुरी हुन्छ यसले गर्दा विदेशमा आफूलाई काम गर्न सहज हुने सहभागीहरुले बताए ।

**अध्ययन क्षेत्रका एक उत्तरदाताको व्यक्तिक अध्ययनलाई तल देखाइएको छ ।**

*वर्ष २१ कि लिम्बू परिवारकी एक युवती झापाको शनिश्चरेबाट वि.सं.२०६७ सालमा प्रेम विवाह गरेर यस अध्ययन क्षेत्रकै युवासँग वैवाहिक सम्बन्धमा बाधिएकी थिइन् । घरबाट छुट्टिएको ३ महिना पछि बच्चा जन्मियो । जेनतेन आफ्नो अंशको कमाईले जिवीकोपार्जन भइरहेको थियो । विस्तारै बच्चा हुर्कदै गयो । बच्चाको उज्जवल भविष्यको लागि स्थानिय बोडिङ स्कूलमा भर्ना गरे क्रमशः बच्चाको पढाई राम्रो हुँदै कक्षा चढ्दै गयो तर स्कूलमा लाग्ने फि उत्तिकै मात्रामा चर्किदै गयो । यी सबै समस्यालाई जसरी पनि हल गर्छु भनेर श्रीमान मलेसिया उडे । उसले विदेश जानु भन्दा अघि (Agreement paper) सहमति पत्रमा उल्लेख भएको काम नपाए पनि राम्रै काम पाएको थियो भने यता श्रीमतीलाई आफ्नो एउटा बच्चाको हेरचाह, शिक्षादिक्षा, लालनपालन, स्वास्थ्य उपचार तथा बाली नालीको हेरचाह जस्ता कामको जिम्मेवारी आफूले एक्लैलाई थपिन पुग्यो । यति मात्र नभएर भेला, समारोह, मेलापात, पानी, बाटोघाटो निर्माण जस्ता सामाजिक कार्यमा पनि आफ्नो संलग्नता दिनुपर्ने बाध्यता थपिएको कुरा बताइन् । त्यसभन्दा अगाडि उनले चुलो चौको, बच्चाको हेरचाह, सरसफाई मात्र गरेको बताइन् । त्यसपछि उनले आफ्नो सन्तानलाई राम्रोसँग समय दिन नसकेकोले, आफ्नो स्वास्थ्यको बारेमा पनि ध्यान दिन नसकेकाले गर्दा उनीहरु रोगी बन्न पुगेको कुरा पनि बताइन ।*

*अहिले उनीलाई कामको भार बढी भएको यसका साथै पारिवारिक रुपमा मात्र नभएर सामाजिक कार्यमा समेत उनको संलग्नता रहेको कुरा बताइन् यस्तो हुनुमा महिलाको सक्रियता वा सहभागीता बढ्नु राम्रो भएपनि आफूलाई कार्यको भार एक्लै सम्हाल्नु परेकोमा साह्रै गाह्रो भएको कुरा बताईन् ।*

यसरी उत्तरदाताको यो भोगाईले के बुझियो भने पारिवारिक संरचनामा पनि विशेषत एकात्मक परिवारमा घरमूली श्रीमान वैदेशिक रोजगारमा संलग्न भएपछि एकातिर घर परिवारको सम्पूर्ण जिम्मेवारी महिलाले बहन गर्न परेकोले दोहोरो कार्यभार (घरभित्र र घरबाहिर) महिलामाथी पर्न गएको पाइयो भने अर्कोतर्फ सामाजिक कार्यमा महिलाको सहभागीता रहने संस्कृतिको विकास भएको देखियो । जसलाई हामी समाजमा रहेको लैङ्गिक सम्बन्धमा आएको परिवर्तनका रुपमा लिन सक्छौ । यसबाट के देखिन्छ भने वैदेशिक रोजगारले सकरात्मकता दिशा तिर मात्र नधकेली नकरात्मक पक्षलाई पनि अंगाल्न पुग्दो रहेछ । वैदेशिक रोजगारले पारिवारिक विघटनका समस्याहरु उत्पन्न गराउँदछ भन्ने कुरा देखाउँछ । यो समस्या हाम्रो समाजमा विकराल बन्दै आएको छ । त्यस्तै यस अध्ययनबाट के बुझिन्छ भने पारिवारिक संरचनाले पनि कुनै पनि व्यक्तिको जीवनमा

विभिन्न किसिमका घटना वेहोर्नु पर्ने अवस्था छ । एकात्मक परिवारमा घरमूली अथवा श्रीमान वैदेशिक रोजागारमा संलग्न भएपछि घरभित्र तथा घरबाहिरका कार्यहरु श्रीमतीलाई बोझ पर्न गएको देखिन्छ भने हाम्रो जस्तो परम्परावादी समाजमा महिलाले सबै प्रकारको सामाजिक कार्यहरुमा संलग्न हुँदाको अवस्था देख्दा लैङ्गीक सम्बन्धमा सामाजिक परिवर्तन भएको हो भन्न सकिन्छ । यसको कारण वैदेशिक रोजगार हो ।

### ६.४.३ पारिवारिक विखण्डन

परिवारिक विखण्डन भनेको घरपरिवार टुट्नु फुट्नु हो । आजकल नेपाली समाजमा यो विकराल समस्याको रुपमा देखिएको छ वैदेशिक रोजगारमा संलग्न हुनेहरुकोमा प्रायः यो समस्याले ग्रसित भएको देखिन्छ । अध्ययन क्षेत्रका एक महिला वैदेशिक रोजगारीमा गएर फर्केपछिको एक व्यक्तिक अध्ययनलाई यहाँ देखाईएको छ ।

अध्ययन क्षेत्रमा बस्दै आएकी एक क्षेत्री परिवारकी २७ वर्षीया महिला स्थानिय एक क्षेत्री परिवारकै केटासँग २०६२ सालमा वैवाहिक सम्बन्धमा बाँधिए । समय बित्दै गयो । आफ्नो श्रीमानको स्वास्थ्य अलि बिग्रीएको कारण उनी आफै वैदेशीक रोजगारमा जाने हिम्मत गरिन । उनी विदेश जाने हल्लाले छरछिमेकीले कुरा काट्न थाले । विदेशमा त आफ्नो सुरक्षा आफै पनि गर्न सकिन्न रे भन्ने एक किसीमको डर भने थियो तर यी सब डर त्रास र समस्यालाई निमीट्यान्न पारेर हिम्मत गरिन कि 'आफू भलो त जगतै भलो' भन्ने उखानलाई मनन गरी उनी २०६५ मंसीर १३ गते वैदेशीक रोजगारको लागी आफ्नो श्रीमान र २ वर्षको छोरालाई छोडेर दुबई गईन् । उनलाई आफ्नो परिवारमा सुख ल्याउनु थियो । उनले सात कक्षा मात्र पढेकी थिइन् । दुबईमा उनले घर सफा गर्ने, लुगा धुने कामदारका रुपमा काम गरेको बताउँछिन् । उनी विदेश जानु अघि समाज/गाउँघरकाले विदेशमा महिलालाई शारीरिक, मानसिक, श्रमीक विभिन्न किसीमका शोषण आदि हुने कुरा सुनेता पनि आफूलाई त्यस किसिमको कुनै पनि शोषण नभएको कुरा बताउँछिन् । सेलरी पनि (Agreement paper) सहमती पेपरमा जति तोकेको थियो त्यति नै पाएको बताइन् तर गएको २/३ महिना जति भाषिक कठिनाई परेको कुरा पनि बताइन् । कमाएको पैसा जति आफूलाई थोरै राखेर महिनै पिच्छे घरमा पठाएको र श्रीमानले पनि त्यो पैसाको राम्ररी सदुपयोग गर्नुभयो । जग्गा किनेर आफूले गर्न नसेके पनि अर्कालाई अधिया कमाउन दिएको अरु पैसाले घर खर्च राम्ररी हेर्नु भाथ्यो तर केही बर्षपछि श्रीमानको आफूसगँ बोल्ने व्याभारमा परिवतर्न देखिन् उनलाई आफ्नो श्रीमान माथी शंका लाग्यो र केही महिना पछि छिमेकमा एक जना मिल्ने दिदीलाई फोन गरेर सोध्दा श्रीमानले त अस्ती नै अर्को विवाह पनि गरिसक्या रहेछ त्यसपछि मलाई आफ्नो छोराको के हाल भएको होला भन्ने चिन्ताले सतायो । आफ्नो भिसाको म्याद सकिन २ महिना बाँकी थियो । त्यसलाई माया मारेर घर आएपछि आफ्नो कमाएको पैसाले किनेको जग्गा आफ्नो नाममा पारी आफ्नो छोरासँग बसेको बताइन् ।

हिजोको दिनमा कुरा काट्ने छिमेकीहरु पनि उनको संघर्ष देखेर मख्ख परेका छन् । पहिला आफूलाई कुरा काट्नेहरु अहिले आएर आफूप्रति सकरात्मक बन्दै गरेको र आफूलाई विदेश जाने बेलामा नराम्रा कुरा काट्ने तिनै दिदी बहिनी महिला अहिले आएर वैदेशिक रोजगार प्रति सकरात्मकता देखाएको अथवा चासो देखाएको र आफू विभिन्न महिला समूह, बचत समूह, सरकारी संस्था आदिमा सहभागी भएको कुरा पनि बताइन् तर वैदेशिक रोजगारकै कारण पारिवारिक कारण आफ्नो श्रीमानसँग छुटिएर बस्नुपरेकोले वैदेशिक रोजगारले नकरात्मक असर पारेको पनि बताईन् मेरो अध्ययन क्षेत्रमा यो किसिमको घटना एउटा मात्र भएको पाईयो ।

## अध्याय-सात

## अध्ययनको सारांश र निष्कर्ष

### ७.१ पृष्ठभूमि

वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तन सम्बन्धि विश्लेषण गर्नको लागि तेह्रथुम जिल्लाको छातेढुङ्गा गा.वि.स.वार्ड नं. ५ र ८ मा अध्ययन गरिएको छ । यस अध्ययनका लागि विभिन्न समस्याहरुलाई उठान गरिएको छ । वैदेशिक रोजगारमा संलग्न परिवार रोजगारीमा जानुअघि र गइसकेपछिको आर्थिक अवस्था कस्तो छ भन्ने कुरालाई महत्वका साथ देखाइएको छ । वैदेशिक रोजगामा जाने कामदारको उमेर, शैक्षिक, लिङ्गगत विवरण के कस्तो छ भन्ने बारेमा पनि विश्लेषण गरिएको छ ।

यसरी वैदेशिक रोजगारमा संलग्न व्यक्ति र परिवारसँग अध्ययनको उदेश्यमा आधारित भएर वैदेशिक रोजगारमा संलग्न जम्मा ५५ घरधुरीमा जनगणना विधि मार्फत सबै घरमा पुगी १८ जना वैदेशिक रोजगारीमा गई फर्किएका व्यक्तिहरु र बाँकी ३७ जना वैदेशिक रोजगारमा संलग्न परिवारका सदस्यहरुलाई आधार बनाएर अवलोकन, अर्न्तवार्ता, घरधुरी सर्वेक्षण तथा वैयक्तिक अध्ययन विधि मार्फत तथ्याङ्क संकलन गरिएको थियो । जसलाई सारांश र निष्कर्षको रुपमा तल प्रस्तुत गरिएको छ ।

यि वडाहरुको जनसंख्याको अवस्थालाई हेर्दा कुल जनसंख्या ३२२ रहेको छ । जसमा महिलाको संख्या १६८ र पुरुषको संख्या १५४ रहेको छ जसमा पुरुषको संख्या भन्दा महिलाको संख्या बढी देखिन्छ । यसका साथै कुल घरधुरी संख्या ९१ पाइन्छ भने त्यसमध्ये ५५ घरधुरी वैदेशिक रोजगारी संलग्न रहेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारको पारिवारिक स्थितिमा लिङ्ग र उमेरगत समूहमा हेर्दा ० देखि १४ सम्म पुरुष २९ र महिला ३२ गरी जम्मा ६१ त्यस्तै १५ देखि ३९ उमेरगत समूहमा पुरुष ४८ र महिला ६६ गरी जम्मा ११४ रहेको छ र ४० देखि ५९ उमेर समूहमा पुरुष ५९ र महिला ५८ गरी जम्मा ११७ रहेको पाइन्छ भने ५८ देखि माथिको उमेर समूहमा पुरुषको संख्या १८ त्यस्तै गरी महिलाको संख्या १२ गरी जम्मा ३० रहेको छ । यि वडाको वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारको कुल जनसंख्या १५४ रहेको छ । यसमा १६ देखि ४० वर्ष उमेर समूहका युवायुवती वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ । अध्ययन क्षेत्रमा सबै जात जातिहरुको बसोबास रहेता पनि तुलनात्मक रुपमा क्षेत्री जातिको बाहुल्यता पाईन्छ । त्यसैले

वैदेशिक रोजगारमा संलग्न जातिगत रुपमा हेर्दा पनि क्षेत्री जातिको नै बाहुल्यता रहेको देखिन्छ तर जातिगत आधारमा सबै जातिका व्यक्तिहरु वैदेशिक रोजगारीमा संलग्न भएको पाइन्छ । जसले गर्दा परम्परागत मान्यता तथा जातिगत रुपमा संचालित पेशाहरुमा परिवर्तन आइरहेको पाइन्छ । यसका साथै वैदेशिक रोजगारमा संलग्न भएर घर फर्केपछि विभिन्न सभा, समारोह, विवाह, वनभोज आदि ठाउँमा सबै जात जाति एकै ठाउँमा बसेर खाने गरेको पाइएता पनि समाज र संस्कृति बचाउको लागि र घरका बुढाबुढीको मन राख्नको लागि भए पनि घरभित्रै चाँही नबोलाउने गरेको पाइयो । यसबाट पहिलेको जस्तो जातिगत आधारमा रहेको कट्टरता वा विभेद वैदेशिक रोजगारमा संलग्न भई फर्केपछि केही सुधार वा परिवर्तन हुन लागेको देखियो । पारिवारिक संरचनाका आधारमा केन्द्रिय परिवारबाट नै बढी व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न भएको पाइयो भने पुरुषको तुलनामा वैदेशिक रोजगारमा जाने महिलाको संख्या एकदमै न्युन रहेको छ । जसको कारण महिलाहरु घरमानै बस्ने हुनाले सम्पूर्ण कामको जिम्मेवारी आफै लिनु परेको बताउँछन् । यसबाट महिलाहरुको सामाजिक काममा सक्रियता बढ्न गई समाजमा हुने लैङ्गिक विभेदमा केही परिवर्तन आएको देख्न सकिन्छ । अध्ययन क्षेत्रका युवाहरु धेरै जसो वैदेशिक रोजगारमा संलग्न भएकाले गाउँमा केवल बुढाबुढी, आइमाइ, केटाकेटीको संख्या बढी रहेको देख्न सकिन्छ जसले गर्दा सभा, समारोह, पर्व, मेला, जन्ती, मलामी लगायतका सामूहिक कार्यका युवाहरुको सहभागिता न्यून रहेको देखिन्छ ।

वैदेशिक रोजगारमा जाने युवाहरुको पारिवारिक संरचनालाई हेर्दा एकात्मक परिवारबाट ६१.८१ प्रतिशत गएका रहेछन् भने संयुक्तः परिवारबाट ३८.१८ प्रतिशत मात्र गएका रहेछन् । त्यस्तै गरी वार्षिक आम्दानी तुलनात्मक रुपमा ४० हजार भन्दा कम हुनेको संख्या ३० घरधुरि छन् भने बढि आम्दानी हुने ८० हजारभन्दा माथि ६ घरधुरि संख्या रहेछन् यस्तो आम्दानी हुनुमा परिवारको मुख्य पेशा कृषि नै हो । क्रियाशिल तथा उत्पादनशिल युवा जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकोले कृषि उत्पादनमा कमी आएको साथै कृषि योग्न जमिन बाँझो भएको देखिन्छ भने परिवारहरुले कृषिको अलावा अन्य पेशाहरु व्यापार व्यवसाय, नोकरी आदि अपनाएको देखिन्छ । अध्ययन क्षेत्रमा प्रायः कृषि पेशानै मुख्य पेशा भएकोले ३२ घरधुरीले कृषि पेशा अंगालेको रहेछन् त्यस्तै अध्ययन क्षेत्रको घरको बनावटलाई हेर्दा ३६ वटा घरमा खरको छाना र १९ वटामा टिनको छाना लाएको पाइयो । यसको मतलब मुख्यतः अध्ययन क्षेत्र पहाडी मुलुक भएकाले आफ्नो खरबारी प्रशस्त मात्रामा हुनाले कतिपयले खरको उपभोग गरेको भनी बताए भने कतिपयले टिनको छाना लगाउनको लागि नगद महँगो लाग्ने हुनाले खरको छानो लगाएको बताए भने थोरैले टिनको छानो

लगाएको पाइयो । टिनको छानो लाउनेहरुले खरको छानो फेरीरहनु पर्ने ठूलो पानी पर्दा चुहिने डर, हावा हुरी बतासको डर आदिले गर्दा टिनको नै छानो लगाएको बताए । टिनको छानो एकचोटी लगाएपछि वर्षौ वर्ष सम्म आनन्द हुने बताए । मुख्यतयाः युवाहरु रोजगारी, गरिबी, राजनीतिक अस्थिरताको कारण धेरै सम्पत्ती कमाउन भनेर, देशमा रोजगारीको अभाव आदिको कारण विदेश पलायन भएका छन् । यसरी वैदेशिक रोजगारमा जानुको प्रमुख कारणहरु मध्ये सबैभन्दा बढि २४ जना वेरोजगारीको कारण वैदेशिक रोजगारमा गएका रहेछन् भने सबैभन्दा कम ५ जना व्याक्तिगत चाहानाको कारण वैदेशिक रोजगारमा पुगेको देखियो । यसबाट के देखियो भने मानिसहरु वेरोजगार भएर नै बढी विदेश जाँदो रहेछन् भन्ने बुझियो । त्यस्तै आफ्नो उत्पादनले वर्षभरी खान नपुग्नु त्यस्तै परिवार चलाउन आम्दानीले नभ्याउने हुनाले वैदेशिक रोजगारीमा नेपाली दाजुभाइ तथा दिदी बहिनी सहभागी भएको देखिन्छ । त्यस्तै वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको शैक्षिक अवस्थालाई हेर्दा एस.एल.सी.भन्दा मुनीको योग्यता हुनेहरु २६ जना रहेको पाइयो । त्यस्तै एस.एल.सी.वा सो सरह योग्यता भएको १९ जना रहेको पाइयो र आई ए वा सो सरह योग्याता भएका १० मात्र भएको पाइयो । यो रेसियो अनुसार के भन्न सकिन्छ भने एस.एल.सी.फेल भएकाहरु पुनः दोहोऱ्याउने कम भएकोले फेल हुने बित्तिकै एम. आर. पि. बनाएर वैदेशिक रोजगारमा जाने गरेको पाइयो भने अर्कातिर पढेर स्थानिय स्तरमा योग्यता अनुसारको रोजगारको अवसर नमिल्ने हुनाले उनीहरु पढाइलाई थाती राखेर विदेश पलायन भएको देखियो । त्यस्तै विदेश गएर फर्केपछि उनीहरुको परम्परागत कृषि पेशालाई छोडेर व्यापार, व्यवसाय गर्नेहरु बढि संख्या १० जना रहेको पाइयो । विदेश ५, ६ वर्ष बसेर फर्केपछि पुरानै खालको काम अथवा बढी परिश्रम गर्ने खालको काम गर्न नसकिने र कृषिबाट सन्तोषजनक उत्पादन नहुने भएकोले वैदेशिक रोजगारलाई एउटा वैकल्पिक माध्यमको रुपमा लिन सकेको देखियो । उनीहरुको आम्दानीको अवस्थालाई हेर्दा ४३ घरधुरिको आम्दानीमा वृद्धि भएको पाइन्छ भने १२ घर धुरिमा उस्तै रहेको पाईयो । यसले गर्दा उनीहरुको वैदेशिक रोजगारमा जानु अघिको आर्थिक अवस्थामा धेरै सुधार आएको छ । ऋण तिरेर घर खर्च गर्ने र जग्गा जमिन किन्नेको संख्या क्रमशः ४७.२७ र १५ घरधुरि संख्या रहेको छ । यसरी उनीहरुले विप्रषणको सदुपयोग राम्रोसँग गरी आफ्नो आर्थिक उन्नती बढाएको देखियो । यसरी आर्थिक अवस्थामा परिवर्तन आएपछि सामाजिक सम्बन्धमा पनि सुधार आउनेको संख्या (२७) बढी नै रहेको पाइन्छ । त्यस्तै सामाजिक सम्बन्धमा भन्नु पर्दा वैदेशिक रोजगारमा संलग्न भई फर्केका मध्ये १२ जनाले सिप सिकेको त्यस्तै सामान नेपालमा उपलब्ध हुने

हो भने आफ्नो जिविका चलाउन सकिने अठोट गरे भने ९ जनाले गएको भाषा समेत राम्ररी सिकेको र आउँदा दिनमा त्यही देश जानु पर्दा भाषिक कठिनाइ सहनु नपर्ने कुरा बताए ।

## ७.२ अध्ययनको निष्कर्ष

वैदेशिक रोजगारलाई वैकल्पिक माध्यमको रुपमा लिनुको कारण देशमा रोजगारीको अवसर कम सृजना हुनु नै हो । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आर्थिक अवस्थामा सुधार ल्याइ सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको देखिन्छ । अध्ययनमा वैदेशिक रोजगारीमा जानु अघि र वैदेशिक रोजगारबाट फर्किसकेपछि उनीहरुको घरपरिवारका साथै व्यक्तिमा आएको परिवर्तन हेर्न खोजिएको हो ।

यि वडाहरुको कुल जनसंख्या ३२२ रहेको छ जसमध्ये पुरुषको संख्या १५४ छ भने महिलाको संख्या १६८ रहेको छ । त्यस्तै गरि यि वडाहरुको कुल घरधुरि संख्या ९१ रहेको छ त्यसमध्ये ५५ घरधुरि वैदेशिक रोजगारमा संलग्न रहेको छन् अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा जानेको संख्या ५३ रहेको छन् भने महिला २ जना मात्र रहेको छन् यहाँ प्राय सबै जातजाती भाषाभाषी विभिन्न धर्मालम्बि भएको मानिसहरुको बसोबास रहेको छ साथै यहाँ वैदेशिक रोजगारमा संलग्न व्याक्तिको घरमुलि तथा सदस्य ३७ जना सँग प्रत्यक्ष कुराकानी भएको छ भने १८ जना वैदेशिक रोजगारबाट फर्किएका व्याक्ति उत्तरदाताको रुपमा रहेका छन् ।

समग्रमा यस अध्यययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने मानिसहरु सक्रिय उमेर समूहका तर कम शैक्षिक योग्यता हासिल गरेका व्यक्तिहरु संलग्न भएको देखियो । वैदेशिक रोजगारमा संलग्न हुनुमा महिलाको संलग्नता न्यून हुनुमा हाम्रो गाउँघर समाजमा महिलाप्रति पुरानो परम्परा, धारण र विश्वास रहनुले गर्दा हो साथै तुलनात्मक रुपमा पुरुषसरह महिलाहरु विदेश जान नचाहने हुनाले पनि महिलाहरु कम मात्रामा वदेशिक रोजगारमा संलग्न हुन्छन्  जमिनको अवस्थालाई हेर्दा वर्षदिन खान पुग्ने र तिन महिना खान पुग्नेहरु दुवै समूहका मानिसहरु विदेश गएको देखिन्छ । घरको बनावटलाई विश्लेषण गर्दा सबैभन्दा बढी खरको छानो लाएको पाइयो । यस रोजगारमा संलग्न भएपछि सबैभन्दा बढीले आम्दानीमा सुधार आएको र सबैभन्दा कमले मात्र सुधार नआएको बताए तर नेपालमा नै वा स्थानिय स्तरमा नै रोजगारीको सृजना हुन सके वैदेशिक रोजगारमा संलग्न नहुने कुरा विदेशबाट फर्किएको सहभागीहरुको मनसायबाट बुझियो । यसैगरी अध्ययनको क्रममा

सहभागीहरुले वैदेशिक रोजगार सेवालाई सम्मानपूर्वकनै हेरेको तथा त्यस प्रति सकारात्मक दृष्टिकोण रहेता पनि स्वदेशमा रोजगारीको अवसर पाइने हो भने यसलाई विकल्पको रुपमा मात्र लिने सोच भएको पाइयो । रोजगारमा संलग्न हुनै पर्ने कारण सम्बन्धमा विश्लेषण गर्दा सबैभन्दा बढी गरिबीको कारणले र सबैभन्दा कम धेरै कमाइ गर्नका लागि भन्ने देखियो ।

वैदेशिक रोजगारीबाट फर्केपछिको पेशागत विवरणलाई हेर्दा सबैभन्दा बढी व्यापार गर्ने र सबैभन्दा कम मजदुरी गर्ने देखियो । आर्जित रकमको उपयोगलाई विश्लेषण गर्दा सबैभन्दा बढी ऋण तिरेर घर खर्च गर्नेहरु पाइयो र सबैभन्दा कमले बैंक बचत गरेको छु भनेको पाइयो । विदेशमा सिप सिके भनी धेरैले बताए भने सबैभन्दा कमले मात्र सीप सिकिएन भन्ने गरेको देखियो ।

भाषा सम्बन्धी विश्लेषण गर्दा भाषा सिके भन्नेहरु बढी मात्रामा देखियो र अलिअलि मात्र भाषा सिके भन्नेहरु मध्यम र सबभन्दा कमले भाषा सिकिन भन्नेहरु पाइयो । सहभागीहरुको आर्थिक परिवर्तन सम्बन्धी विवरण विश्लेषण गर्दा सबैभन्दा बढी सुधार आएको छ भन्नेहरु र सबैभन्दा कम उस्तै छ भन्ने देखियो ।

सहभागी परिवारको सामाजिक परिवर्तन सम्बन्धी विश्लेषण गर्दा सबैभन्दा बढी परिवर्तन आएको छ भन्ने र सबैभन्दा कम उस्तै नै रहेको छ भन्ने देखियो । वैदेशिक रोजगारमा संलग्नलाई विदेश जानुको करण विश्लेषण गर्दा सबैभन्दा बढी वेरोजगारीका कारण र सबैभन्दा कम धेरै कमाइ गर्नका लागि भन्ने देखियो । यी सब कारण समग्रमा भन्नु पर्दा वर्तमान समयमा वैदेशिक राजगारमा जाने प्रचलन वृद्धि हुँदै गइरहेको छ । वैदेशिक रोजगारले अध्ययन क्षेत्रमा सकरात्मक प्रभाव पारेको देखियो । रोजगारीको लागि जानेमा धेरै जनशक्ति तलबी रोजगारमा संलग्न भएका छन् । वैदेशिक रोजगारको लागि Push factor मा देशमा रोजगारको अवसर कम हुनु, गरिबी, द्वन्द्व, राजनीतिक अस्थिरता, संकट आदि हुन् भने Pull factor मा विदेशमा धेरै अवसर हुने, राम्रो जिवनस्तर, अध्ययन, उद्योगधन्दा, प्रशस्त आदि हुन् । यसरी वैदेशिक रोजगारीले सम्बन्धित क्षेत्रमा  विभिन्न किसिमका परिणामहरु बेहोर्नुपर्ने अवस्था छ ।

समग्र वर्तमान परिवेशमा वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरुको पारिवारिक तथा सम्बन्धमा केही सुधार आए पनि त्यो लामो समयसम्म टिक्छ भन्ने निश्चित देखिन्दैन किनकी सक्रिय जनशक्तिले आफ्नो पसिना विदेशी भूमीमा बगाइरहेका छन् त्यसमा पनि धेरै जसो सहभागीहरु विदेश जानु अघि कुनै सिप नसिकी गएकोले सस्तो मूल्यमा  विदेशी भूमीमा अदक्ष तथा अर्ददक्ष श्रमिकको रुपमा विदेशमा काम गरिरहेका छन् जसले गर्दा आफ्नो मातृभूमीमा रहेको कृषि

क्षेत्र पनि खेती गर्ने मानिसको अभावमा संकटमा पर्न गएको देखिन्छ जसले गर्दा धेरै जसो मानिसहरु बजारमुखी भएका छन् त्यसका साथै वैदेशिक रोजगारमा संलग्न हुँदा वा भएपछि फर्कदा आफु र आफ्नो परिवारको लागि चाहिने विभिन्न वैदेशिक सामान (मोबाइल, ल्यापटप, घडी, ट्याब, टेलिभिजन, कपडा) खरिद गर्दा विदेशमा कमाएको केही पुँजी त्यही छोड्न बाध्य हुन्छन् । आफ्नो देशमा वा सम्बन्धित क्षेत्रमा आइसकेपछि आफूलाई समाजमा अरु व्यक्तिसरहको हैसियतमा राख्नका लागि घर निर्माण गर्दा आवश्यक सामग्री र अन्य मनोरञ्जनका सामग्रीको खरिदले बचेको पुँजी पनि पुनः अन्य देश वा अन्य मुलुकहरुमा गएको देख्न सकिन्छ ।

यसरी अध्ययन क्षेत्रमा विश्व बजारमा पाइने सामानहरु प्रयोग गर्दै विश्वव्यापीकरण तर्फ अगाडीबढेको देखिन्छ भने अर्कातिर विदेशी सामानको खरिद गर्दा आफुले कमाएको पैसा विदेशमा नै फर्किएको देखियो जसको कारण वैदेशिक रोजगारले हामीलाई परनिर्भर तिर धकेलीरहेको देखिन्छ भने स्थानिय क्षेत्रमा अथवा पृष्ट क्षेत्रमा युवा जनशक्तिको अभावका कारण विकास निर्माण, स्थानिय घरेलु उद्योग तथा साना उद्योग संचालन हुन नसक्ने अवस्था छ ।

# सन्दर्भ सुची


अर्याल भोजेन्द्र (२०६८), सामाजिक परिवर्तन र विकासको अध्ययन, ज्ञानकुञ्ज प्रकाशनः किर्तिपुर

कानुन किताब व्यवस्था समिति (२०६४), वैदेशिक रोजगार ऐन, कानुन किताब व्यवस्था समिति काठमाण्डौं :

कान्तिपुर दैनिक,(२०७१) फागुन ७ विहिवार, काठमाण्डौं

के.शी. नवराज (२०६६), नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्ने भूमिका, वैदेशिक रोजगारका विविध पक्षहरु, प्याराडाइज इन्टरनेश्नल प्रा.लिः नयाँ बानेश्वर

दहाल, गणेश (२०६६), वैदेशिक रोजगारका विविध पक्षहरु, प्याराइज ईन्टरनेसनल प्रा.लिः नयाँबानेश्वर, काठमाण्डौ

सिंह, धिरेन्द्र बहादुर (२०७०), वैदेशिक रोजगार र यसको प्रभाव : एक अध्ययन समाजशास्त्र/मानमशास्त्र केन्द्रिय विभाग काठमाण्डौ

नगरिक दैनिक (२०७१), वैशाख २४, बुधबार

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६१), नेपाली वृहत शव्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान काठमाण्डौं

नेपाल सरकार वैदेशिक रोजगार ऐन, (२०६४), कानुनी किताब व्यवस्था समिति, बबरमहल, काठमाण्डौं

पाण्डे, महेन्द्र (२०६६), अरब एक चिनारी, प्रवासी समाज, दुबई

पण्डित, सूर्यकुमार (२०५७), नेपालमा वैदेशिक रोजगार, पत्रकार संघ काठमाण्डौ

पोखेल, नारायण दत्त (२०५७), वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव : एक अध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग काठमाण्डौ

भट्टराई सजना (२०६९), वैदेशिक रोजगारी र यसको समाजिक तथा आर्थिक सम्बन्धमा प्रभाव : एक अध्ययन, शोधपत्र समाजशास्त्र केन्द्रिय विभाग कीर्तिपुर काठमाण्डौ

मिश्र चैतन्य (२०६०), पुँजिवाद र नेपाल

वैदेशिक रोजगार विभाग (२०७१), नेपाल सरकार

वैदेशिक रोजगार नियमावलि (२०७१), नेपाल सरकार वैदेशिक रोजगार समचार वैदेशिक रोजगार सरोकार पत्रकारसघं ताहाचल, काठमाण्डौ

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड (२०६८), वैदेशिक रोजगारको लागिका खुल्ला गरिएका देशहरु,

केन्द्रिय रोजगार प्रवर्द्धन बोर्ड काठकाण्डौं

सेडन, अधिकारी र गुरुङ ( २०५८), द–न्यु लाहुरेज, सिड्स, चण्डौल काठमाण्डौ

शहि ढालकुमारी (२०७०), वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तन : एक शोधपत्र माजशास्त्र केन्द्रिय विभाग, काठमाण्डौं

ज्ञवाली डल्लीराज (२०५७), टटेरा चापिका युवा बेरोजगार र यसको प्रभावः एक अध्ययन,

शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, काठमाण्डौं

Central bureau of statistics, (2010/2011) National planning commission secretarial, Nepal living standard survey, central bureau of

statistics government of Nepal

Gurung, Ganesh (2004), Overview paper overseas employment Nepal,

series and international labor office Nepal, Kathmandu Pande, Dinesh

Foreign employment sector promotion board : www.fepb.gov.np.1/2012:1 downlodefile/recognized 20%

country 20120420021555 pdf

MaharjanBalkrishna.www.souryadaily.com /09/2012/09134957.html

Migration of Nepalese youth foreign employment(2011),: problems

and prospects, international labor Nepal

## शोधपत्र तयारी गर्नको लागि तयार गरिएको प्रश्नावलीको नमूना

**परिच्छेद-१**

वैदेशीक रोजगारमा संलग्न व्यक्तिका परिवारको लागी तयार गरिएको प्रश्नावली

उत्तरदाताको नामः- मितिः-

परिवार संख्याः- उमेरः-

धर्मः- लिङ्गः-

गा.वि.स.ः- टोलः-

वाड नंः-

जिल्लाः- तेह्रथुम

१) तपाईको वैदेशिक रोजगारमा गएको व्यक्ति को पर्छ ?

(क) छोरा (ख) छोरी (ग) भाइ (घ) दाइ (ङ) भाउजु

(च) बुहारी (छ) बाबा (ज) अन्य ......................

२) तपाईको परिवारको मुख्य पेशा के हो ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी (घ) अन्य ......................

३) यो पेशाामा कहिलेदेखि संलग्न हुनुभएको हो ?

(क) ०-१ वर्ष अघि देखि (ख) १-२ वर्ष अघि देखि (ग) २-३ वर्ष अघि देखि

(घ) ३-४ वर्ष अघि देखि (ङ) ४ वर्ष वा सो भन्दा माथि

४) यस भन्दा पहिले परिवारको मुख्य पेशा के थियो ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी (घ) अन्य ....................

५) तपाईको जग्गा जमीन छ कि छैन?

(क) छ (ख) छैन

६) यदि जग्गा जमीन छ भने कति छ ?

(क) ० देखि ५ रोपनी (ख) ५ देखि १० रोपनी

(ग) १० देखि १४ रोपनी (घ) १४ देखि २० रोपनी

(ङ) २० रोपनी देखि माथी

७) यति जग्गाको उब्जनीले खान पुग्छ ?

(क) पुग्छ (ख) पुग्दैन

८) यदि पुग्दैन भने वर्षभरीमा कति महिना पुग्दैन ?

(क) १-३ महिना पुग्दैन (ख) ३-६ महिना पुग्दैन (ग) ६-९ महिना पुग्दैन

(घ) सो भन्दा माथि

९) तपाई वैदेशिक रोजगारमा जानका कारण कुन हो ?

(क) कमजोर आर्थिक अवस्था (ख) बेरोजगारी (ग) राजनीतिक अस्थिरता

(घ) व्यक्तिगत चाहना

१०) घरको छानो: (अवलोकनबाट)

| | |
|---|---|
| टिनको छानो | |
| खरको छानो | |

११) वैदेशिक रोजगारमा गएको देश कुन हो ?

(क) कतार (ख) दुबइ (ग) मलेसिया (घ) जापान (ङ) कोरिया

(च) साउदी अरब (छ) अन्य ......................

१२) पहिलो पटक वैदेशीक रोजगारीमा संलग्न हुँदा तपाईको सदस्यको उमेर कति थियो ?

(क) १६-२२ (ख) २३-२८ (ग) २९-३४ (घ) ३५-४०

१३ ) वैदेशिक रोजगारीमा संलग्न सदस्यको लिङ्ग के हो ?

(क) महिला (ख) पुरुष (ग) दुवै

(घ) ३ देखि ४ लाख (ङ) ४ लाख वा सो भन्दा माथि

१४) वहाँ वैदेशीक रोजगारीमा जानु अघि कुन/के काम गर्नुहुन्थयो ?

(क) व्यापार/बिजनेस (ख) कृषि (ग) नोकरी (घ) विद्यार्थी (ङ) अन्य ...........

१५) वैदेशीक रोजगारमा संलग्न सदस्यले कति पढ्नु भएको छ ?

(क) s.l.c सम्म (ख) s.l.c वा सो सरह (ग) आइ.ए.वा सो सरह

१६) वैदेशीक रोजगारबाट आएको रुपैयाँले आर्थिक स्थितीमा सुधार आएको छ ?

(क) छ (ख) छैन

१७) वैदेशीक रोजगारीमा घरका व्यक्ति गएपछि घरमा कसलाई के-कस्ता कामहरु थपिन पुगे ?

..........................................................................................................................

..........................................................................................................................

१८) तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा गएको कारणले तपाईको हैसियत समाजमा कस्तो छ ?

(क) धेरै सुधार भएको छ (ख) ठिकै सुधार आएको छ (ग) सुधार भएको छैन

**वैदेशीक रोजगारीबाट फर्किएका व्यक्तिका लागी तयार पारिएका प्रश्नावली**

**परिच्छेद-२**

उत्तरदाताको नामः उमेरः

जात/जातिः शिक्षाः

वैवाहिक स्थिति (विवाहित वा अविवाहित): पारिवारिक स्थिति (संरचना):

परिवार संरचनाः लिङ्गः

टोलः गा.वि.स.:

वाड नं.: पेशाः

जिल्ला : तेह्रथुम

१) विदेशबाट फर्केको कति वर्ष भयो ?

(क) ० देखि १ वर्ष (ख) १ देखि २ वर्ष (ग) २ देखि ३ वर्ष

(घ) ३ वा सो भन्दा माथि

२) वैदेशीक रोजगारमा जानु अगाडी तपाई के काम गर्नु हुन्थ्यो ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी (घ) अन्य …………………

३) बार्षिक बचत कति हुन्थ्यो ?

(क) ४० हजार भन्दा कम (ख) ४० हजार देखि ८० हजार सम्म

(ग) ८० हजार भन्दा माथि

४) विदेश जानु भन्दा पहिले आफुसँग भएको जमिनको आम्दानीले खान पुग्थ्यो ?

(क) पुग्थ्यो (ख) पुग्दैनथ्यो

५) अहिले आफ्नो जग्गा अरुलाई कमाउन दिएको छ कि छैन ?

(क) छ (ख) छैन

६) पहिलो पटक वैदेशीक रोजगारीमा संलग्न हुँदा तपाईको उमेर कति थियो ?

(क) १६-२२ (ख) २३-२८ (ग) २९-३४ (घ) ३५-५०

७) कुन कामको लागी जानु भएको हो ?

(क) कृषि (ख) सरसफाई (ग) सेक्युरिटी गार्ड (घ) वेटर (ङ) लेबर

८) विदेशबाट के-कस्ता सामानहरु ल्याउनु भएको छ ?

……………………………………………………………………………………………………

९) वैदेशीक रोजगारले तपाईको परिवारको सामाजिक स्थितिमा वा हैसियतमा सुधार आएको छ ?

(क) छ (ख) छैन

१०) वैदेशीक रोजगारमा गए पछि तपाईले पारिवारिक विघटन जस्ता समस्या झेल्नु पर्‍यो वा परेन ?

(क) पर्‍यो (ख) परेन

११) वैदेशीक रोजगारीमा जाँदा सम्बन्धित ठाउँको भाषा सिक्नुभो ?

(क) सिकेँ (ख) सिकिन

१२) तपाई पुनःवैदेशीक रोजगारको लागि बाहिर जानु हुन्छ या हुन्न ?

(क) जान्छु (ख) जाँदिन

१३) विदेशमा गरेको कामले तपाईलाई नेपालमा काम लाग्यो ?

(क) लाग्यो (ख) लागेन

१४) हाल के गर्नुहुन्छ ?

(क) कृषी (ख) व्यापार/व्यवसाय (ग ) ज्याला मजदुरी (घ)अन्य ……………

१५) विदेशमा पुगेपछि कतिको कठिनाईहरु सहनु पर्‍यो ?

……………………………………………………………………………………………………